## भूमिका

नेपालमा स्थानीय निकायको गठन पञ्चायतकालमा शुरु भएतापनि संस्थागत विकास बि.सं. २०४८ बाट भएको हो । स्थानीय निकायलाइ स्थानीय सरकारको रुपमा अधिकार सम्पन्न वनाउन नेपाल कम्यूनिष्ट पार्टी (एमाले)ले बि.सं. २०४८ देखि निकै महत्वपूर्ण र निर्णायक योगदान गर्दै आएको छ । ति योगदानहरुलाइ निम्नानुसार सूचिकृत गर्न सकिन्छ ।

१. बि.सं. २०४९ सालको स्थानीय निकाय सञ्चालन ऐन तथा नियमावली निर्माणको बेलामा नै स्थानीय निकाय अधिकार तथा स्रोत साधन सहितको बनाउन सदनमा भुमिका खेल्ने - नेकपा (एमाले) ।

२. वार्षिक केही हजारका हिसावले विकास अनुदान पाउने गरेका गा.वि.स.मा "आफ्नो गाउँ आँफै वनाउँ" कार्यक्रम अन्तरगत लाखका हिसावले विकास अनुदान पठाउने - नेकपा (एमाले) को सरकार ।

३. स्थानीय निकायको निर्वाचनमा प्रत्येक वडावाट कम्तिमा १ जना महिला प्रतिनिधि हुनैपर्ने कानुन वनाउने नेकपा (एमाले)सम्मिलित सरकार ।

४. स्थानीय स्वायत्त शासन ऐन, २०५५ तयार गरीनिर्णयार्थ सदनमा पुऱ्याउने - नेकपा (एमाले) ।

५. स्थानीय तहलाइ प्रदेश सरकारको मातहतको इकाइ वनाउने षड्यन्त्रलाइ चिर्दै नेपालको संविधान २०७२ मा स्थानीय तहलाइ जनताले छुन छाम्न सक्ने सरकारको रुपमा स्थापित गराउने - नेकपा (एमाले) ।

६. बि.सं. २०७४ पछि सरकारमा रहँदा 'स्थानीय सरकार सञ्चालन ऐन' लगायतका कानुन निर्माण र कार्यान्वयन, कर्मचारी समायोजन तथा वित्तीय स्रोत हस्तान्तरण जस्ता महत्वपूर्ण कार्य गर्ने - नेकपा (एमाले) ।

७. भूकम्प पछिको पुनर्निर्माण, कोरोना नियन्त्रणलगायत 'समृद्ध नेपाल : सुखी नेपाली' राष्ट्रिय आकाँक्षा पूरा गर्ने - नेकपा (एमाले) ।

८. देशमा राष्ट्रिय गौरवका महत्वपूर्ण योजनाहरु जस्तै पोखरा, निजगढ र गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल निर्माण, कालिगण्डकी करिडोर, हुलाकी लोकमार्ग, पुष्पलाल मध्यपहाडी लोकमार्ग  रेल्वे तथा मेट्रो विकास आयोजना, काठमाण्डौ-तराई मधेस द्रुतमार्ग, मेलम्ची खानेपानी आयोजना, विद्युत् प्रसारण आयोजना, मदन भण्डारी लोकमार्ग, मध्यपहाडी लोकमार्ग जस्ता दर्जनौं राष्ट्रिय योजना अगाडी बढाउने एमाले ।

९. समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय नारालाई अगाडी सार्ने एमाले ।

१०. एकल पारवहन सन्धि सम्झौतालाई तोड्दै चिन सँग पारवहन सन्धि सम्झौता गर्ने एमाले ।

११. नेपालको गुमेको भुमी फिर्ता ल्याई चुच्चे नक्सा जारी गर्दै राष्ट्रियतामा अडिक रहने एमाले ।

माथि उल्लेखित विवरणले नेपालमा जनताको प्रत्यक्ष पहुँचको सरकारलाइ जनताको सेवा गर्न आवश्यक पर्ने अधिकार, श्रोत साधन र परिवेश मिलाउने एकमात्र पार्टी नेकपा (एमाले) हो  ।

## विहादी गाउँपालिकाको परिचय

विहादी गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत पर्ने पर्वत जिल्लाको दक्षिण भागमा रहेको छ । नेपाल सरकार को मिति २०७३ फाल्गूण २७ गतेको निर्णयले यो गाउँ पालिका स्थापना भएको हो । यस गाउँ पालिकाको पुर्वमा महाशिला र पैञ्यू गाउँ पालिका, पश्चिममा कालीगण्डकी नदी (बाग्लुङ्ग र गुल्मी जिल्ला, उत्तरमा फलेवास नगरपालिका तथा दक्षिणमा काली गण्डकी नदी (गुल्मी) र सेतीखोला (स्याङजा) रहेको छ ॥ यस गाउँपालिकाको कुल क्षेत्रफल ४४.८ वर्ग कि. मि. रजनसंख्या १३४०३(राष्ट्रिय जनगणना २०६८ अनुसार) रहेको छ । यस गाउँपालिका साविकका ६

वटा गा. वि. स. वाच्छा, वर्राचौर, रानीपानी, वहाकी, उराम र शालीग्राम मिलेर वनेको हो । यस गाउँ पालिकाको केन्द्र वडा नं. ४ वहाकीमा रहेको छ । यस गाउँपालिकामा महत्वपूर्ण पर्यटकीय स्थलका रुपमा विश्वकै ठुलो शालिग्राम शिला, वच्छेस्वर मन्दिर, शिवपुरी धाम, छापकोट मन्दीर, बाईसेचौबिसे राज्यताकाको लुङ्‌रिङकोट मन्दीर, शितलगुफा, रानीपानी दरबार गुफा, रम्भा देवी, गौरादेवी मन्दिर आदि रहेका छन् ।

यस गाउँ पालिकाका वडा नं. १,२,३,४ वडा सम्पूर्ण र र वडा नं ६ को आधा भूभाग कालीगण्डकिको् वायाँ किनारमा पश्चिम मोहोडा भएर रहेको छ । वडा नं ५ र वडा नं. ६ को आधा भुभाग सेती खोलाको दाया किनारमा पुर्व फर्केर रहेको छ । यस पालिकाका वाच्छा, वर्राचौर रानीपानी, वहाकी तथा शालीग्राम(पश्चिम)मा काली नदी किनारमा र उराम तथा शालीराम(पुर्व) मा सेदीखोला किनारमा ठूला ठूला उर्वर फाँटहरु रहेका छन् । तर अझै पनि यहाँको कृषि व्यवसाय परम्परागत र निर्वाहमुखी नै रहेको छ । यहाँको आम्दानीको मुख्यश्रोत कृषि, तथा वैदेशिक रोजगारी हो ।

बि.सं. २०४६ सालको परिवर्तन पश्चात् भएका ३ वटा स्थानीयनिर्वाचनमा यस पालिकामा समेटीएका ६ गाविसमा विगतको निर्वाचनको परिणाम निम्नानुसार रहेको छ ।

| वडा नं. | साविकको गाविस | २०४९ | २०५४ | २०७४ | | |
|---|---|---|---|---|---|---|
| | | | | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष |
| १ | बाच्छा | काँग्रेस | काँग्रेस | एमाले | एमाले | काँग्रेस |
| २ | वर्राचौर | अध्यक्ष मसाल उपाध्यक्ष एमाले | अध्यक्ष मसाल उपाध्यक्ष एमाले | | | एमाले |
| ३ | रानीपानी | एमाले | एमाले | | | कांग्रेस |
| ४ | वहाकी | कांग्रेस | एमाले | | | कांग्रेस |
| ५ | उराम | कांग्रेस | कांग्रेस | | | एमाले |
| ६ | शालीग्राम | एमाले | एमाले | | | माओवादी |

माथिको तालिकामा कांग्रेस र वामपंथिहरुको प्रभाव हाराहारी देखिए पनि २०४९ र २०५४ को जिल्ला विकास समितिको निर्वाचनमा यो क्षेत्रवाट वामपंथि(एमाले र मसाल) उमेद्वारले विजय प्राप्त गरेका थिए । यहाँको ग्रामिण सडक निर्माण, सामुदायिक विद्युतीकरण, ठूला ठूला खानेपानी योजना, पुल निर्माण उपभोक्ता समितिहरु, विद्यालय व्यवस्थापन समितिहरु, सामुदायिक वन समूह जस्ता सामुदायिक संगठन मध्ये आधा भन्दा वढीमा नेकपा(एमाले)को अगुवाइ तथा नेतृत्व रही आएको छ । विहादी गाउँपालिकाको सवै क्षेत्रको विकासमा नेकपा(एमाले) धेरै ठाउँमा अगुवा र कतिपय ठाउँमा निर्णायक भूमिकामा रहेर काम गरि रहेको छ ।

## जनअपेक्षा र विकाससम्बन्धी हाम्रोमूल दृष्टिकोण र सोच

## शिक्षा, कृषि, स्वास्थ्य, पर्यटन, रोजगार,पूर्वाधार; सुन्दर, समृद्ध र नमूना–विहादी निर्माणको आधार

### विगत पाँच वर्षभित्र भएका कार्यहरुको समीक्षा

नेपालको संविधान, २०७२ जारी भई स्थानीय सरकारको एउटा इकाइको रुपमा स्थापित विहादी गाउँपालिकामा २ वटा वडा र गाउँ पालिका प्रमुख उपप्रमुखमा नेकपा(एमाले)का जनप्रतिनिधिहरु निर्वाचित भएका थिए । त्यस अवधिमा भएका उपलव्धिहरु निम्नानुसार छन्:

दुई दशक जनप्रतिनिधि विहिन हुदाँ अस्त व्यवस्त बनेको यहाँको विकास निर्माण तथा सामाजिक व्यवस्था संघिय संरचना अनुसार निर्वाचन भई हाम्रो पार्टीका जनप्रतिनिधि चुनिएपछि पुर्ण रुपमा बदलिएको छ । जनप्रतिनिधि सधैं जनता प्रति उत्तरदायी र इमान्दार हुनेको हो भने परिर्वतनको दुरी धेरै टढा छैन भन्ने कुराको पुष्टी निर्वाचन पहिले र अहिँलेको अवस्थाले जनाउछ । २०७४ को स्थानिय तहको निर्वाचनमा हाम्रो पार्टी नेकपा एमाले बाट कमल प्रसाद भुसाल गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएर आउनुभयो । पाँच बर्षे कार्यकाल आफुले निर्वाचित गरेर पठाएका आफ्ना जनप्रतिनिधिले कस्ता विकासका काम गर्न सके त ? यो सबै जनचासोको बिषय पनि हो । तयसैले पनि बिगतका कामहरु माथी समिक्षा हुन जरुरी छ । समग्रमा पछिल्ले पाँच बार्षमा विहादीमा विकासले गति लिएको महसुस यहाँहरु सबैले गर्नुभएकै छ । तै पनि हामिले गरेका मुख्य विकासका केहीँ योजनाहरु यहाँहरु समक्ष पेश गर्न चाहन्छौँ ।

## सडक तथा यातायात

संघ, प्रदेश र स्थानिय गरि तिन तहको सरकारको सहकार्य तथा समन्वयमा यहाँ साना तथा ठुलो विकासका आयोजनहरुको काम धमाधम भईरहेको छ । पक्कि सडकको मात्रा शुन्य अवस्थामा रहेको यस गाउँपालिकामा पछिल्लो समय १० कि.मि. सडक पक्कि भईसकेको छ भने ३० कि.मि. सडकमा कालोपत्रेको काम भईरहेको छ । स्याङजाको वलिङ हुदै पैयूँ हुवास बजार बाट १० किलोमिटरको दुरीमा रहेको विहादी गाउँपालिका पुग्ने सडक कालोपत्रे गरिएको छ । उक्त सडक खण्ड अन्तर्गत चिसापानी-हुवास हुदै विहादीको वहाकीभञ्ज्याङ सम्म सकड पक्कि भएको छ । विहादी गाँउपालिका छिचोल्दै गएको राष्ट्रिय गौरवको आयोजना बहुचर्चीत उत्तर(चिन) दक्षिण (भारत) जोड्ने कालिगण्डकी करिडोरमा समेत कालोपत्रेको काम भएको छ । उक्त खण्ड अन्तर्गत रानीपानी देखि फलेवास ढिक सम्मको (१८.७ कि.मी)सडक अहिँले कालोपत्रे भईरहेको छ। सेतीवेणी देखि-रानीपानी सडक खण्ड (७.५ कि.मी.) पनि कालोपत्रे भईरहेको छ । भारतलाई चीन सँग जोड्ने यो लोकमार्ग विहादी विकासको मेरुदण्ड रुपमा लिईएको छ । यसका साथै राष्ट्रिय गौरवको आयोजना पर्यटन सडकको रुपमा पोखरा–भदौरे–लुंखु हुदै सेतीवेणी सडकको कालोपत्र गर्ने कामको समेत थालनी भईसकेको छ । सडक सहजता तथा यहाँ उत्पादित वस्तुको निकासीमा सहजता पुऱ्याउन गाउँपालिकाले प्रत्यक वडाका वस्ती वस्तीमा सडक विस्तार गरेको छ । वहाकी भञ्ज्याङ-पोखरीचौर- खहरेखोला जाने (ड कि.मी.) सडकमा अहिँले कालोपत्रेको काम भईरहेको छ । यहाँका अन्य शाखा सडकहरुको डि.पि.आर. तयार गरिसकिएको छ । यहाँका रानीपानी पोखरीचौर देखी ईमीचौर सडक, वहाकी लिङसिङ देखी आपालय हुदै कालिगण्डकी लोकमार्ग पुग्ने सडक, सेतीवेणी-छचन्ने हुदै चर्काक सडक, खोरपोखरा-उरामपोखरा-गेप्ताङ हुदै महाशिला जोड्ने सडक, तल्लो बाच्छा देखि उपल्लो बाच्छा तथा देउराली जाने सडक, वहाकीभञ्ज्याङ-माझगाउँ हुदै सेतीवेणी जाने सडक लगाएत वस्ती वस्तीका सडक स्तरोन्नती गरिएको छ । अहिँले यहाँका वस्ती तथा घर घरमा सडक पुगेको छ ।

यस गाउँपालिका सिमानामा पर्ने डुड खोलामा बर्षातको समयमा गाडीहरुलाई खोला तर्न कठिन थियो । कतिका त मोटरसाईकल खोलाले बगाउथ्यो पनि । अहिँले उक्त ठाउँमा मोटरेवल पुल निर्माण गरि सञ्चालनमा आईसकेको छ । यो बाहेक पनि सेतीवेणीमा मोटरेवल पुल निर्माण भईसकेको छ भने बाच्छा खोलामा निर्माणको प्रक्रियामा छ । यसका अलवा रानीपानी–गुल्मीको मुल्का जोड्ने झोलुङगे पुल,बराचौर–कोरेङ, घुमाउने घाट, बेलबगर, सेतीवेणी, बाच्छा लगाएतका स्थानमा नवनिर्मित झोलुंगेपुलहरुले सडक तथा यातायातको व्यवस्था सदृढ पारेको छ । यसका साथै सेतीवेणीमा स्टीलको बेलीब्रिज निर्माण समेत भएको छ । जसले प्रसिद्ध धार्मीक स्थल शिला शालिग्राम दर्शन गर्न आउनेको लागी यात्रामा निकै सहज बनाएको छ । यी कामहरु हामी पछिल्लो पाँच बर्षमा गर्न सफल भएका हौं । साथै

**अन्य पूर्वाधार क्षेत्रमा हामी निम्न काम गर्न सफल भएका छौँ ।**

१. 'क' वर्गमा रहेका ग्रामीण सडकहरु र विहादीचक्रपथ सात मिटर चौडा गरी वाह्रै महिना सवारी साधन चल्ने गरीसुधार विस्तार भइ रहेको छ,

२. सडक गुरुयोजना तयार भएका सडकहरु स्तरउन्नती ग्राभेल र पिच गर्ने नीति अवलम्वन,

३. विहादीगा.पा. भित्र निर्माण हुने सवै भवन र घरहरु नक्सा पास गरी भू-कम्प प्रतिरोधात्मक बनाउन पर्ने नीति ।

४. प्रधानमंत्री रोजगार कार्यक्रममा काम गर्ने व्याक्तिहरुलाई ऐन र कार्यविधि वमोजिम वडागत निर्माणको काममा क्षमता विकास गरी योजना तोकेर
वार्षिक कार्यक्रम र योजना वनाई परिचालन,

५. कुनैपनि सडक तथा भौतिक पूर्वाधार निर्माण गर्दा भई रहेकोपूर्वाधार नोक्सान नहुने गरी गर्नंपर्ने, नोक्सान हुने भए सोही योजनावाट मर्मत सम्भार गर्नंपर्ने नीति,

६. सडक सुविधा विस्तारको लागि गाउँपालिकाको पूर्व स्वीकृति वमोजिम नयाँ ट्र्याक खोल्ने पाइने नीति अबलम्न गरिएको छ ।

**वस्ती वस्तीमा सामुदायीक भवन, बाटोघाटोमा प्रतिक्षालय निर्माण**

गाउँवस्तीमा सभा,बैठक तथा अन्य कुनै कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाका सबै वडाका वस्ती वस्तीमा सामुदायीक भवन निर्माण गरिएको छ । आमा समुह,क्लव तथा अन्य संघ संस्थाको कार्यक्रम गर्न ति सामुदायीक भवनले निकै सहज भएको छ । त्यस्तै विहादी गाउँपालिकाका मुख्य सडक तथा पदमार्गहरुमा यात्रुहरुलाई सहज बनाउन प्रतिक्षालय निर्माण गरिएको छ । यसले यात्रुलाई निकै सहजता प्रदान गरेको छ ।

**कृषिमा यान्त्रिकीकरण,व्यवसायीकरण, सहकारी मार्फत रोजगारी**

परम्परागत कृषि प्रणालिमा सुधार गर्दै कृषिमा यान्त्रिकीकरण, व्यवसायीकरण, आधुनिकीकरणलाई हाम्रो पार्टी बाट निर्वाचित अध्यक्षले नेतृत्व गरेको गाउँपालिकाले जोड दिन थालेपछि यहाँका मानिसहरु कृषि पेशा तर्फ आकर्षण हुन थालेका छन् । उत्पादन र उत्पादकत्व, वृद्धि गर्दै कृषकको दैनिक स्तर उकास्न तथा कृषि कर्मलाई सरल र सहज बनाउन गाउँपालिकाले टनेल, थ्रेसर, कुटानी पिसानी मिल, हाते ट्याक्टर, लगाएतका यन्त्रहरु वितरण गर्नुका साथै कृषि अनुदान समेत उपलब्ध गराउदै आएको छ । व्यवसायीक खेती तर्फ उत्तप्रेरण जगाउन पालिकाले कृषि प्रविधि, कृषि बिमा तथा तालिम सञ्चालन गर्नुका साथै नागरिकलाई स्वरोजगार बनाउन विभन्न सिप मुलक तालिम समेत प्रदान गरिरहेको छ ।

एक वडामा एक नर्सरी, एक घर एक टनेल, एक घर एक मौरी तथा सुन्तला, कागती, आँप, अनार उत्पादन क्षेत्र विस्तार लागएतका कृषि कर्यक्रमहरु लोकप्रिय छन् । प्रदेश सरकारले पनि रानीपानी कुमाल गाउँलाई मुख्यमन्त्री कृषि नमुनाका गाउँको रुपमा विकास गरेको छ । किसानलाई व्यवसायीक रुपान्तरित गर्न पशुपालन, मौरीपालन, माछापालन, मासु उत्पादन, दुग्ध तथा पोल्ट्री जन्य वस्तू उत्पादन, वडा स्तरमा चिस्यान केन्द्र स्थापना तथा मिल्क क्यानको व्यवस्था, घाँसको नर्सरी स्थापना गरी कृषकलाई वितरण, गरिब विपन्नहरुलाई व्यवसायीक बनाउन सुंगुर,बाखा,कुखुरा वितरण जस्ता कार्यक्रम महत्व दिनाले गाउँपालिका साँच्चिकै किसानको सारथी बनेको छ । सहकारी मार्फत रोजगारी तथा कृषि सम्बन्धि लोकप्रिय कार्यक्रम सञ्चालन भएपछि हिजो आज यहाँका नागरिकको आर्थीक अवस्था मजबुत बन्दै गएको छ भने कृषि उत्पादन समेत वृद्धि हुदै गएको छ । गाउँपालिकाले सुन्तला,धान,मकै जस्ता पकेट क्षेत्रको रुपमा विस्तार गर्दै त्यस्ता उद्यममा संलग्नहरुलाई गाउँपालिकाले सहयोग गर्दै आएको छ । साथै किसानले उत्पादन गरेको कृषि उपजलाई बजारीकरणमा सहजता ल्याउन कृषि संकलन केन्द्रको भवन निर्माण समेत गरिएको छ ।

## कृषकको खातामा गाउँपालिकाको पैसा, कृषि एम्बुलेन्स सञ्चालन

विहादी गाउँपालिकामा कृषि एम्बुलेन्स सञ्चालन गर्ने नीति हाम्रो पार्टीको भिजनमै अगाडी बढेको हो । कृषि उपज विक्री वितरण लागि कृषि एम्बुलेन्स सञ्चालन गर्ने गरी आर्थीक बर्ष २०७८ / ०८९ को बजेट बक्तव्यमा रकम समावेश गरिएको छ । कृषकले उत्पादन गरेका तरकारी खेर जान नदिन तथा कृषकलाई कृषि उपज वजारीकरणमा सहजता ल्याउन गाउँपालिकामा कृषि एम्बुलेन्स सञ्चालनमा ल्याउन लागिएको हो ।

त्यस्तै गाउँपालिकाले कृषक बचतकोष समेत सञ्चालनमा ल्याएको छ । कृषकहरुलाई प्रोत्साहन तथा कृषि व्यवसायलाई व्यवस्थित बनाउन कृषक बचतकोष सञ्चालन गरिएको हो । अहिँले ६ ओटै वडामा करिब २५ सय कृषको बैंक खाता खोली रकम जम्मा गर्ने मिशनका साथ काम भईरहेको छ । जीवनमुखी खेतीबाट उत्पादनतर्फ लैजान र कृषकको बचत गर्ने बानीको विकास गर्न हामीले उक्त कार्यक्रम अगाडी बढाईएको हो । एक घर एक कृषक , एक कृषक १ बचत खाता सञ्चालन गर्ने गाउँपालिकाको योजना हो । कृषकले आफ्नो बैंक खाता खोली मासिक ५ सय रुपैयाँ बैंकमा जम्मा गर्नपर्नेछ र गाउँपालिकाले मासिक रुपमा कृषकको खातामा २ सय ५० रुपैयाँ जम्मा गरिदिने गरि कृषक बचतकोष कार्यविधि बनाईएको छ । त्यसरी बैंकमा जम्मा भएको रकम कृषकले ५ बर्ष पछि मात्र आफ्नो इच्छाअनुसार खर्च गर्न पाउने छन् ।

गाउँपालिकाले व्यवसायीक रुपमा राँगो पालन गर्ने किसानलाई बार्षीक १० हजार रकम अनुदान दिने भएको छ । १ ओटा राँगो बराबर १० हजारका दरले रकम उपलब्ध गराउँदै आएको छ भने गाउँपालिकाले उन्नत जातको गाई तथा भैंसी पाल्ने किसानलाई प्रति एक गाई / भैंसी २० हजारका दरले अनुदान दिदै आएको छ । त्यस्तै गाउँपालिकाले किसानलाई प्रोत्सहान गर्न किसानले उत्पादन गरेको प्रति लिटर दुधको ३ रुपैयाँ का दरले रकम समेत प्रदान गर्ने भएको छ । यहाँका किसानले १ लिटर दुध बराबरको बजार मुल्य भन्दा तिन रुपैयाँ बढी दुधको मुल्य पाउनेछन् । गाउँपालिकाले कृषिलाई समृद्धिको बलियो आधार मान्दै कृषि क्षेत्रको आधुनिकिकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभुति गरिने योजना अगाडि सारेको छ ।

## शिक्षा क्षेत्रको प्रगति

पछिल्लो तथ्याङ अनुसार ७२.८५ प्रतिशत साक्षर रहेको यस गाउँपालिकामा ३० सरकारी विद्यालय र ३ बोर्डीङ गरी ३३ वटा विद्यालय मध्ये ९ वटा मा.वी., ७ वटा आधारभुत विद्यालय र १७ वटा प्रा.वि. रहेका छन् भने एक वटा सामुदायीक क्याम्पस रहेको छ । यी विद्यालयहरुमा कम्प्यूटर शिक्षालाई अनिवार्य बाउनुका साथै आई.सि.टि., साईन्स ल्याव कक्षा सञ्चालन गरिएको छ भने पठन संस्कृतिको विकास गर्न आधुनिक पुस्तकालयको स्थापना गरिएको छ । समावेशी तथा समतामुलक गुणस्तरिय शिक्षा सुनिश्चित गर्ने, निरन्तर सिकाई तथा शिक्षण पद्धति, बालबालिकालई विद्यालय पहुँचको सुनिश्चितताका साथै स्मार्ट कक्षाको निति लिईएको छ । यो नितीले गाउँपालिकाका विद्यार्थीहरुको भविष्य तथा दक्ष जनशक्ति उत्पादनमा हामी गम्भिर बनेको देखिन्छनै । सबै विद्यालयमा ईन्टेरनेटको माध्यम बाट पठनपाठन गर्नुले पनि गुणस्तरिय शिक्षामा जोडदिएको प्रतिक हुन्छनै । विद्यार्थीलाई सौहाद्रपुर्ण वातावरणमा पठनपाठन गराउन शिक्षण संस्थाहरुको भौतिक संरचनाको अवस्था पनि उत्कृष्ट बनाईएको छ । यहाँका प्रत्येक विद्यालयमा नयाँ आर. सि. सि. भवन निर्माण भएका छन् भने केही शिक्षण संस्थाहरुमा भवन निर्माणाधिन छ । यहाँ केहीँ विद्यालयलाई नमुना बनाउने गरी योजना समेत आगाडी बढाइएको छ । नेपाल तारा मा.वि.मा प्राविधिक शिक्षालय लाई व्यवस्थित गर्न तथा स्नातक तहको पठनपाठन सञ्चालन गर्न आवश्यक पहल थालिसकिएको छ । यो बाहेक पनि शिक्षामा निम्न कामहरु भएका छन् ।

- वाल कक्षा क्रमशः मा.वि.सम्म आवस्यकता अनुसार नेपाली/अंग्रेजी दुवै माध्यमबाट अध्यापनको व्यवस्था,
- विहादीगाउँपालिकाले शुरु गरेको दिवा खाजा कार्यक्रम नेपाल सरकारले ससर्त अनुदान मार्फत कक्षा १ देखी ८ सम्म यो कार्यक्रम लागु गरेको छ,

- विद्यालय शिक्षाको पहुँचबाट वञ्चित गराइएका वालवालिकाका अभिभावक तथा परिवारहरुलाई वडा तथा गाउँपालिकाबाट प्रदान गरीने सेवा सुविधामा आंशिक वा पूर्ण रुपमा वन्देज लगाउन सक्ने नीति ।
- यस गाउँपालिका भित्र व्यवसायिक प्राविधिक शिक्षाको शुरुआत गरिएको छ।
- एक शिक्षक एक ल्यापटपको र एक कक्षा एक प्रोजेक्टरको नीति अवलम्बन गरिएको छ।

### स्वास्थ्य क्षेत्रः १५ शैयाको विशेषज्ञ अस्पताल भवन

गाउँको सबै भन्दा मुख्य समस्याको जड स्वास्थ्य हो । बिशेषज्ञ स्वास्थ्य सेवा लिन यहाँका नागरिक बिरामी भए घण्टौं लागेर वालिङ्, पोखरा, बुटवल जानुपर्ने बाध्यता छ। सामान्य आधारभुत तहको उपचार त यहाँ नागरिकले प्रत्येक वडाका स्वस्थ्यचौकी तथा क्लिनक बाट गराएकै छन् । तर पृथक तथा जटिल प्रकृतिको उपचारमा समस्या रहेको छ यहाँ अब भने त्यो समस्याको पनि अन्त्य हुदैछ । विशेषज्ञ सेवा सहितको १५ शैयाको अस्पताल भवन निर्माणको काम धमाधम भईरहेको छ। यसका अलवा प्रत्येक वडामा स्वास्थ्यचौकी सहित ३ वटा सामुदायीक स्वास्थ्य ईकाई बाट नागरिकले स्वास्थ्य सेवा पाईरहेका छन्। नागरिकलाई सहज बनाउन भौगोलिक हिसाबले स्वास्थ्य चौकी भन्दा टाढा रहेका स्थानमा स्वास्थ्य ईकाई तथा बर्थीङ सेन्टर स्थापना गरिएको छ। दश सैयाको कोरोना अस्पताल पनि यहाँ स्थापना गरिएको छ। प्रत्यक वडाका स्वास्थ्य चौकी पूर्वाधारको अवस्था अब्बल बनाइएको छ।

### गाउँपालिकाको प्रशासनिक तथा सबै वडा कार्यालयका भवन निर्माण

स्थापनाको बर्ष देखि भाडाको घर बाट सेवा दिईरहेको अहिले भने प्रशासनिक भवन निर्माण भई नयाँ भवन बाट सेवा दिन थालिएको छ । पाँच बर्षे कार्यकालमा कति स्थानिय तहले आफ्नो गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न सके यो प्रश्न उठिरहेकै छ। तर हाम्रो पार्टी बाट निर्वाचित अध्यक्षले नेतृत्व गरेको विहादी गाउँपालिकाले भने गाउँको सिंह दरबार तयार पारेको छ। अहिँले नयाँ भवन बाट सेवा दिएको गाउँकार्यपालिकाले साच्चीकै स्थानीयलाई गाउँमा सिहं दरबार आएको महसुस गराएको छ। अत्याधुनिक सुविधा सम्पन्न प्रशासनिक भवनको काम र बहुउद्देश्य सभाहल निर्माण भएको छ । वडा बाट सञ्चालन हुने दैनिक सेवाहरुलाई चुस्त दुरुस्त बनाउन रानीपानी,बर्राचौर,शालिग्राम, उरामपोखरामा वडा कार्यालयको नायँ भवन निर्माण भएको छ भने बाच्छा र वहाकीठाँटीमा भवन निर्माणाधिन छ।

### खानेपानी

विहादी गाउँपालिकाका एका दुई स्थानमा बाहेक अन्य स्थानमा खानेपानीको चरम समस्या थियो । उक्त समस्याको समाधन गर्न एक घर एक धाराको नीति हामीले अगाडी सारियो । सबै घरमा स्वच्छ खानेपानी पुर्‍याउने उद्देश्य अनुसार गाउँपालिकाले संघ र प्रदेश सरकारको लगानी तथा सहलगानीमा खानेपानीको विस्तारलाई समेत अगाडी बढाएको छ । उरामपोखरामा र बाच्छामा खानेपानी सबै घरमा पुगेको छ भने रानीपनीको साविक वडा नं. ३ र २ अनि बर्राचौरका ४ ओटा वडाहरुमा लिसे गैह्रा खानेपानी आयोजनाले कभर गरेको छ। उक्त खानेपानी योजना बर्षौ देखि अलपत्र परेको सबैलाई सर्वविदितै छ । यो योजना पनि हाम्रो पार्टीले निर्वाचन जितेर आएपछिनै भएको यहाँहरुलाई स्मरण गराउन चाहान्छु।

यहाँ रुम्टा, अरेवा, शालिग्राम जस्ता बृहत लिफ्ट खानेपानी आयोजनाको काम सम्पन्न हुने चरणमा छ । उक्त योजनाको ९० प्रतिशत भन्दा बढी काम सम्पन्न भएको छ। उक्त खानेपानी आयोजना यहीँ आर्थीक बर्ष भित्रनै सञ्चालनमा आउनेछ। खानेपानीको समस्या भोगेका शालिग्राम, रानीपानी तल्लो भेगका नागरिकहरुले अब भने खाने पानीको समस्या बाट मुक्ती पाउने भयका छन् । साथै वहाकी र बर्राचौरमा बृहत खानेपानी आयोजना निर्माणधिन छन् भने साना खानेपानी आयोजनाको काम सकिएको छ । यी ठुला खानेपानी आयोजना अब केही दिनमै सम्पन्न हुदैछन्। आफ्नो घरमै स्वचछ खानेपानी पिउन पाउदा पक्के तपाईहरु खुसी हुनुहुनेछ।

## खेलमैदान निर्माण तथा खेलाडीलाई प्रोत्साहन

गाउँपालिकाले खेलकुदको विकासलाई पनि उत्तिकै महत्व दिएको छ। दक्षिण पर्वतको उत्कृष्ट खेलमैदान मानिने ईमिचौर मा मिनि रंगशाला बनाउन प्रदेश सरकारको सहकार्यमा काम अगाडी बढेको छ भने बाच्छा, माझगाउँ, आपालय लगाएतका स्थानमा खेलमैदान निर्माण गरिएको छ । खेलमैदान निर्माण भएसँगै खेलप्रेमीहरु दक्ष खेलाडी उत्पादन समेत हुन थालेको छ । यसका साथै अन्य खेलमैदानको लागि 'एक वडा-एक खेल मैदान' को नीति अनुसार वजेट विनियोजन, गरि काम आगाडी बढेको छ । सवै माध्यामिक विद्यालयहरु वीचमा प्रतिस्पर्धा गरी राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रम सञ्चालन, र वार्ड स्तरमा विभिन्न विधाका खेलकुदहरु सञ्चालन गरिएको छ। खेलाडीहरुलाई प्रोत्साहन गर्न विभिन्न खेलकुदका सामाग्री वितरण गरिनुका साथै ड्रेस वितरण गरिदै आएको छ।

## पार्क निर्माण

प्रत्येक वडामा पिस पार्क निर्माणको नीति लिईएको छ। विहादी गाउँपालिका वडा नं. ३ रानीपानी पोखरीचौरमा पिस पार्क निर्माण गरिएको छ। विहादी गाउँपालिकामा निर्माण भएका पिस पार्कहरुले गाउँपालिकाको शोभा बढाउनुका साथै प्रकृतिमा रमाउने र शान्त एवं आध्यात्मिक वातावरण खोज्ने सबैको रोजाइ बनेको छ।

## औद्योगिक ग्राम निर्माण

विहादी गाउँपालिकामा यातायात सहजताको अलवा औद्योगिक क्षेत्रको कामलाई पनि तिब्र रुपमा अगाडी बढाईएको छ। संघ र प्रदेश सरकारको एक स्थानिय तहमा एक उद्योग ग्राम नीति अनुरुप वडा नं. २ वर्राचौरमा उद्योग ग्रामको निर्माणको काम तिब्र रुपमा भएको छ। स्थानीय उत्पादनमा आधारित उद्योगहरु साना, मझौला र ठुला उद्योगहरु उद्योग ग्राममा सञ्चालन भए पश्चात रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्वका साथै गाउँपालिका आत्मनिर्भरको मार्गमा उन्मुख हुने देखिन्छ। यसका साथै गाउँपालिकाको बर्राचौर र बाच्छामा रहेको विशाल ढुंगाखानी क्षेत्र, काली गण्डकीमा रहेको बालुवा र यहाँको चुन ढुंगालाई प्रशोधन तथा अन्य निर्माणसामग्री उत्पादनको लागि यो उद्योग ग्राम उपयुक्त हुने देखिन्छ। कालीगण्डकी करिडोर सँग जोडिएको यो उद्योग ग्राम औद्योगिक सहर बुटवल सँग सिधासम्पर्क भएकाले पनि यहाँ उत्पादिन वस्तुको निकासीमा समेत सहजता पुग्छ।

## हाईड्रो तथा सहज सिञ्चाईको लागि नहर,कुलो निर्माण

वडा नं. १ देखि वडा नं. ६ सम्म बग्ने कालिगण्डकी नदि सहित बाच्छा खोला, सेती खोला, सिउदी खोला यहाँका नदी हुन । यी नदी तथा खोलाहरुले यहाँको खेतीयोग्य जमिनलाई सिञ्चित गरेको छ भने सेतीखोलामा ३ मेगावट जलविद्युत परियोजनाको काम भएको छ । कालीगण्डकी बि जलविद्युत आयोजनाको अध्ययन अनुसन्धानको काम समेत भईरहेको छ । यसका साथै बाह्रैमास सिञ्चाईको व्यवस्था गर्न सिञ्चाई नहर तथा कुलो निर्माणको काम समेत भएको छ। बाच्छा नहर, गुहेखोला कुडादी कुलो, असीमुरे कुलो, उरामपोखरा, छचन्ने सिंचाई नहर, लामगरा,खहरे खोला, ढकाले कुलो,सिउदीखोला नहर, शालिग्राम कुलो, खन्तरे-भाटीचौर कुलो, जलकुनी-बिरुवारी कुलो लगाएतका सयौंसाना तथा ठुला कुलो तथा नहर निर्माण गरिएको छ । वडा नं. ५ मा भुमिगत प्रणालीको सिंचाइ योजना सञ्चालन गरिएको छ।

## विद्युत तथा उर्जा तर्फ

विहादी गाउँपालिकामा प्रय जसो सबै वडामा काठेपोल थिए । काठका पोलले विद्युत प्रवाहमा निकै समस्या हुन्थ्यो । काठका पोललाई हावाहुरीले ढाल्दा विद्युत सप्लाईमा समस्या हुदा स्थानीय अन्धकारमा बस्न बाध्य थिए । अहिँलेभने गाउँपालिका भित्र सबै काठका पोल विस्थापित गरी फलामे पोल रखिएको छ । विद्युत प्रवाह निर्वाध

रुपमा भएको छ । यसका साथै सार्वजनिक स्थल, वजार चोकहरुमा सौर्य वत्ती लगायत वैकल्पिक श्रोतवाट उज्यालो विहादी कार्यक्रमको शुरुवात गरिएको छ भने सामुदायिक विद्यूतीकरणका लागि आवश्यक उपकरण खरीदमा सहयोग गरिएको छ ।

## प्रहरी चौकी स्थापना तथा भवन निर्माण

नागरिकलाई सुरक्षाको प्रत्याभुती दिलाउने प्रहरी चौकीको भवन नहुदाँ प्रहरीहरुले निकै दुख कष्ट व्योहोर्नुपर्ने अवस्था थियो । जसले चुस्तदुरुस्त सुरक्षा प्रवाहमा समस्या पैदा हुन्थ्यो । अहिले भने रानीपानी प्रहरी चौकीको भवन निर्माण गरिएको छ । त्यस्तै गाउँपालिका केन्द्रमा एक प्रहरी चौकी पनि स्थापना गरिएको छ । विहादी गाउँपालिकामा बाच्छा,शालिग्राम,रानीपानी र लिङसिङ वहाकीमा प्रहरी चौकी छ ।

## न्यायिक समिति प्रति नागरिकको विश्वास ।

न्यायिक समितिले स्थानीय रुपमा सिर्जनाहुने झै भगडा तथा आफ्नो अधिकार भित्रको मुद्दामामिला निरुपण गर्न थाले पछि नागरिकलाई घरदैलोको सरकारको अनुभुत हुन थालेको छ । गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा पाँच सदस्य न्यायिक समिति गठन गरि स्थानिय स्तरमा हुने विवाद समाधान गर्न न्यायिक समिति सदैव तत्पर रह्यो सके सम्म स्थानीय स्तरमै धेरै मुद्धाहरु मिलाउन सफल भयो । त्यसले पनि न्यायिक समिति प्रति स्थानियको विश्वास बढ्यो । यसका साथै सबै जातजाती, समुदायलाई समानान्तर हिसाबले अवसर र पहुँच विस्तार हुदाँ पछाडी परेका समुदाय तथा महिलाहरुको जागरण र शसक्तिकरण बढेको पाईन्छ ।

## पर्यटन बाट गाउँपालिकाको समृद्धि खोज्दै

विहादी गाउँपालिका पर्वत जिल्लाको दक्षिण भेगमा अवस्थित एक अत्यान्तै सुन्दर गाउँपालिका हो । विहादी ,प्राकृतिक सौन्दर्यता तथा ऐतिहासिक धार्मिक एवम् सांस्कृतिक विविधताले सम्पन्नशाली गाउँपालिका हो । रमणीय र पर्यटकीय स्थल, थरिथरिको समाज अनि एकता, फरक भूगोल, धार्मिक विविधता विहादी गाउँपालिकाको अपरिभाष्य विशेषता हो । उत्तर तर्फ देखिने माछापुच्छ्रे र धौवलागिरी हिमाल,दक्षिण तर्फ देखिने मन्द गतिमा बग्ने कालीगण्डकी नदी तथा कालीगण्डकी जलविधुत आयोजनाका क्रममा बनेको ताल, लट्टरम कृषि उत्पादन गरिरहेका फाँट, प्राकृतिक मनमोहक छटा,मननै लोभ्याउने प्राकृतिक डाँडा,खोला नाला,गुफा र झर्नाहरुले यस गाउँपालिकाको शोभा बढाईरहेका छन् । यस ठाँउको ब्राह्मण,मगर,कुमाल संस्कृति तथा सालैजो, झ्याउरे, रत्यौली, भजन जस्ता संस्कृति असाध्यै मनमोहक छ। यस ठाउँका मौलिकता बोकेका अकर्षक बस्तीहरुले सामाजिक एकता सद्भाव र सहिषुणताको सन्देश प्रवाह गरिरहेका छन् ।

नेपाल सरकार र प्रदेश सरकारले घोषणा गरेको एक सय गन्तव्य भित्र पर्ने विश्वकै ठुलो शालिग्राम शिला यस गाउँपालिकाको मुख्य पर्यटकिय स्थल हो । नेपाली भक्तजनहरुको आस्थाको धरोहर मानिने शालिग्राम दर्शन गर्न बर्षमा लाखौं मानिसहरु यहाँ आउने गरेका छन् । बैशाख र माघे संक्रान्ती तथा ठुली एकादशीमा बिशेष मेला लाग्ने यस ठाउँमा बाह्य तथा आन्तरिक पर्यटकको घुईचोनै लाग्ने गर्दछ । कालीगण्डकी करिडोर सँग जोडिएको यस स्थानमा कालीगण्डकी जलविद्युतका क्रममा बनेको तालमा सञ्चालित स्टीम्वरहरु चढेर अलौकिक आनन्द लिन पाईने हुदाँ यहाँ पर्यटकहरु आईरहने गर्दछन् । यो सँगै यस गाउँपालिकाम रहेको सबैभन्दा उचाइमा पर्ने गोर्ल्याङधाम,बच्छेश्वर मन्दिर, बच्छेश्वरकोट, शिवपुरी धाम, छापाकोट मन्दिर, बाईसे चौबिसे राज्यताकाको ऐतिहासिक लुरिङ्गकोट , शितल गुफा, रानीपानी दरवार गुफा, रम्भा देवि मन्दिर,खड्ग देवी मन्दिर, गौरा देवीथान देउराली डाँडा लगाएतका स्थानहरु महत्वपुर्ण पर्यटकिय स्थलका रुपमा चिनिन्छन् । यी स्थानमा पर्यटन पूर्वाधार निर्माणको काम कतै सम्पन्न भईसकेको छ भने कतै हुँदैछ ।

### पर्यटकीय आकर्षणका प्याराग्लाईडिङ्ग,होमस्टे र पदमार्ग निर्माण

विहादी गाउँपालिकामा बच्छेश्वर, सालडाँडा, छाप र गेप्ताङमा रहेका सामुदायिक होमस्टेहरु स्थापना गरि एको छ ति होमस्टेहरु अतिथिको स्वागत सत्कारको लागि आतुर छन् । यहाँका होमस्टेमा पाईने अर्गानिक खानाका साथै पृथक संस्कृति लोभ लाग्दो छ । यी होमस्टेहरु गण्डकी प्रदेश सरकारको अनुदान र गाउँपालिकाकाको प्रर्वद्धनमा स्थापना भएका हुन् ।

गाईथुने हुँदै बच्छेश्वर पदमार्ग, कालीगण्डकी–आपालय–रम्भादेवी हुदै लामाचौर पदमार्ग तथा सेतीवेणी–सिमल भञ्ज्याङ–छापाकोट जाने पदमार्ग निर्माण भएको छ । यसले ग्रामिण पर्यटनलाई जोडेको छ । यहाँका लामा तथा छोटा पदमार्गहरुले विहादी गाउँपालिकालाई हाईकिङ हवको रुपमा परिचित बनाउन थालेको छ । कालीगण्डकीमा ऱ्याफ्टिङ समेत सञ्चालन हुदै आएको यस गाउँपालिकाको लामाचौर बाट प्याराग्लाईडिङको सफल परिक्षण पश्चात प्याराग्लाईडिङ नियमित उडानका लागि भौतिक पूर्वाधारको काम सम्पन्न भएको छ ।  अब बाकीँ नियमित उडानको लागि संबन्धित कम्पनीहरु सँग छलफल भईरहेको छ ।

### संस्कृति प्रवर्द्धन

विभिन्न समुदायहरुको संस्कृति प्रवर्द्धनकालागि वडास्तरमा कार्यक्रम सञ्चालन, समुदाय विशेषका पुराना लोपहुन लागेका सामाग्री, सीप, पेशा, बाद्यवादन सामाग्री, गीत, नाँच र संस्कार संस्कृतिको संरक्षण प्रवर्द्धन गर्ने नीति लिएको छ । वडा नं. १ मा तमु संग्रहालयकोलागि घर निर्माणको लागि कार्य थालनी भएको छ ।

### सञ्चार तथा सूचना प्रविधि तर्फ

यस क्षेत्रमा दुरसञ्चारको सेवा चालु गर्न तथा मोबाईल फोन सँग सहज ढंगले सबै नागरिकहरुको पहुँच विस्तार गर्न लामाचौरमा नेपाल टेलीकमको टावर निर्माण गरिएको छ भने नागरिकलाई सुसुचित पार्न वडा नं. ३ रानीपानीमा रहेको रेडियो सत्यवाणीको प्रशारण अवस्थाालई सहज बनाउन आर्थीक सहयोग गरिएको छ । प्रत्येक विद्यालयमा विद्यार्थीहरुलाई आई.सि.टि. कक्षा सञ्चालन गर्ने निति लिई पालिका भित्रका अधिकांस विद्यालयमा कम्प्युटर तथा ल्याव कक्षा सञ्चालन गरिएको छ । पालिका भित्र सहज ईन्टरनेट सेवा विस्तार गर्ने काम भएको छ ।

## जनअपेक्षा र विकाससम्बन्धी हाम्रो दलको दृष्टिकोण र सोच

## शिक्षा, कृषि, स्वास्थ्य, पर्यटन, रोजगार,पूर्वाधार; सुन्दर, समृद्ध र नमूना–विहादी निर्माणको आधार

### आगामी ५ वर्षको कार्यकालमा नेकपा एमालेले विहादी गाउँपालिकामा निम्न कामहरु गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

### हाम्रो पाँच बर्षको प्रतिबद्धता

**(१) नीति, कानुन तथा योजना तर्जुमा**

१. स्थानीय तहको एकल अधिकार सूचीमा रहेका अधिकारहरु कार्यान्वयन गर्नको लागि आवश्यक ऐन कानून तथा नीति नियम र कार्यविधिमा अपूर्णता भएको भए पुर्णता दिईने छ ।

२. पालिकाले निर्माण गरेका ऐन नियम तथा नीति, नियम तथा कार्यविधि वारे आम जनतामा लागि आवश्यक नयाँ निति नियम बनाईनेछ ।

३. योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा लाभग्राहीको सहभागिता बढाईनेछ ।

४. योजना तर्जमा गर्दै ति योजनाहरुलाई प्रभावकारी कार्यान्वयनमा विज्ञहरुको सहयोग लिने नीतिगत व्य वस्थाको मिलाईनेछ ।

५. पालिकाले वनाउन बाँकि रहेका सवै ऐन कानून निर्माणमा विषयगत विज्ञको परामर्श अनिवार्य लिई स्थानीय ऐन कानूनको विषय समेत समेटिएको स्थानीय पाठ्यक्रमको विकास गरी अध्यापन गर्ने व्यवस्था मिलाईनेछ ।

६. पालिका निति तथा योजना शाखा स्थापना गरिनेछ । पालिकाको योजना तर्जुमा समितिमा छलफलको लागि पेश हुने सूचीमा उक्त शाखा बाट राय समेत समावेश गर्ने परिपाटी मिलाईनेछ ।

७. विभिन्न स्थानमा रहेका वा यहाँ समेत रहेका पालिका भित्रका विज्ञहरुको पहिचान र इच्छुक सहयोगिहरुको सूचीकरण गर्दै लगिने छ ।

### शिक्षा

१. शिक्षा प्राप्तीबाट बन्चित तथा विद्यालय भन्दा बाहिर रहेका वालवालिकाको पहिचान गरी आधारभुत तह सम्मको शिक्षा अनिवार्य प्राप्त गर्ने अवसरको ग्यारेन्टी गरीने छ । साथै विद्यालय बाहिर रहेका, विद्यालयमा केही वर्ष अध्ययन गरेर छाडेका, फरक क्षमता भएका बालबालिकाका लागि क्षेत्रगत स्रोत कक्षा, वैकल्पिक कक्षा र प्रविधियुक्त शिक्षाको व्यवस्था गरिने छ । शिक्षाको पहुच बाहिर रहेका हरेक विहादीका नागरिकहरुलाई शिक्षाको दायरा भित्र ल्याईने छ ।

२. उच्च शिक्षा हासील गर्न चाहने गरीव जेहन्दार विधार्थीको पहिचान गरी आवश्यक पहल गरीने छ । साथै पालिकामा सर्वोत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कृत गर्दै अध्ययनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

३. नेपाल सरकारको नीति अनुसार निरक्षरता उन्मूलन गर्ने कार्य प्रभावकारी नभएको वडामा साक्षरता अभियान सन्चालन गरीने छ र ५ वर्ष भित्रमा सवैलाई साक्षर बनाईने छ । साथै गाउँपालिकाको ७२.८५ प्रतिशत साक्षरता दरलाई बढाएर ९० प्रतिशत बनाइनेछ ।

४. वालशिक्षामा कार्यरत शिक्षकहरुको कुनै समस्या भए समाधान गरिनेछ ।

५. प्रत्येक तहमा अध्यनरत विधार्थीहरुको क्षमता अभिवृद्विको लागि शिक्षा शाखाबाट मासिक रुपमा विविध कार्यक्रमको आयोजना गरीने छ ।

६. पालिका भरीका शिक्षकहरुको कार्यको मूल्याङ्कन गरी उचित पुरस्कारको व्यवस्था गरीने छ ।

७. तालिम अप्राप्त शिक्षकहरुलाई अनिवार्य तालिमको व्यवस्था मिलाईने छ ।

८. गाउँपालिका भित्रका सबै विद्यालयलाई बालमैत्री विद्यालय घोषणा गरिने छ ।

९. शिक्षण पद्धति र सिकाई क्रियाकलापलाई प्रविधि सँग जोड्दै थप प्रभावकारी बनाईनेछ ।

१०. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई अनिवार्य गर्ने, इ-लाइब्रेरी स्थापना गर्ने, सम्पूर्ण विद्यार्थीहरूलाई पाठ्यपुस्तकका साथै क्रमशः ल्यापटप समेत अध्ययन सामाग्रीका रुपमा उपलब्ध गराइने छ ।

११. विद्यार्थीहरूलाई राष्ट्रिय परिवेश, अर्थतन्त्र, प्रविधि र सेवासित परिचित गराउन सम्बन्धित क्षेत्रहरूको अध्ययन अवलोकन भ्रमणलाई प्रोत्साहत गरिने छ ।

१२. कक्षा १ देखि ८ सम्म कुनै एक बिषयलाई स्थानिय (विहादी गाउँपालिका पाठ्यक्रम) मा आधारित बिषयलाई अनिवार्य गराईनेछ ।

१३. शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त बनाइने छ । विद्यालयलाई शान्ति क्षेत्रबनाइने छ ।

१४. शिक्षण पेशालाई पेशागत र मर्यादित तथा सामुदायिक विद्यालयका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेलकुदको व्यवस्था, सरसफाई आदिको प्रबन्ध मिलाईनेछ ।

१५. शिक्षा क्षेत्रको चौतर्फि विकासमा योगदान पुऱ्याउने तथा शिक्षा प्रेमी व्यक्तिलाई हरेक बर्ष सम्मान गरिनेछ ।

१६. गुणस्तरिय शिक्षालाई सधैं केन्द्रमा राखि शैक्षिक गतिविधिहरु सञ्चालन गरिनेछ ।

१७. वाल कक्षा क्रमशः मा.वि.सम्म आवश्यकता अनुसार नेपाली/अंग्रेजी दुवै माध्यमबाट अध्यापनको व्यवस्था मिलाईनेछ ।

१८. दिवा खाजा कार्यक्रम कक्षा १ देखी ८ सम्म लाई थप व्यवसिथत गर्दै अर्गानिक खाजामा जोडदिदै जंगफुडलाई अन्त्य गरिनेछ ।

१९. नेपाल तारा मा.वि. मा सञ्चालन हुदै आएको व्यवसायिक प्राविधिक शिक्षालयलाई व्यवसिथत गर्दै स्नातक तहमा कृषि बिषय पठनपाठन सञ्चालन गरिनेछ ।

२०. वहाकीँ सामुदायिक क्याम्पसमा ऐच्छिक बिषय अध्ययन गर्न चाहने विद्यार्थीको मागलाई ध्यानमा राख्दै सबै बिषय अध्ययन गर्न पाउने व्यवस्था मिलाईनेछ ।

२१. एक शिक्षक एक ल्यापटपको र एक कक्षा एक प्रोजेक्टरको नीति पूर्ण कार्यान्वयनमा लगिनेछ ।

२२. आवासीय विद्यालयको मापदण्ड निर्धारण र स्वीकृतिको व्यवस्था मिलाईनेछ ।

२३. गाउँपालिका भित्रका प्रतयेक विद्यालयको भौतिक पुर्वाधारको अवस्थाालाई अत्याधुनिक बनाईने छ । विद्यालयका सबै भवन विद्यार्थीमैत्री बनाईने छ र सुधार तथा विस्तार गर्नुपर्ने विद्यालयलाई यथाशाक्य छिटो गरिनेछ ।

## स्वास्थ्य बीमा, निःशुल्क उपचार :

**स्वस्थ्य**

१. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाईने छ । गरिबीको रेखामुनि रहेका विहादीका नागरिकहरुलाई बीमा रकमको ३० प्रतिशत स्थानिय सरकारले भुक्तानी गरिदिने व्यवस्था मिलाईने छ ।

२. अति विपन्न परिवारको पहिचान गरी त्यस्ता परीवारलाई एम्वुलेन्स सेवामा सतप्रतिशत छुटको व्यवस्था मिलाईने छ भने सरकारी अस्पतालहरूमा नागरिकले तोकिएका रोगहरूको निःशुल्क उपचार प्राप्त गर्ने व्यवस्थामा सहजीकरण गरिनेछ ।

३. आर्थीक स्थिति कमजोर भएका परिवारका सदस्यहरुलाई जटिल रोग लागेमा आवश्यक व्यवस्था मिलाईने छ ।
४. स्वस्थ्य र सरसफाई कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।
५. आधुनिक शौचालय नभएका परिवारको पहिचान गरी आवश्यक व्यवस्था गरिने छ ।
६. प्रत्येक २/२ महिनामा ज्येष्ठ नागरिकहरुलाई उनिहरुकै आवासमा गई स्वास्थ्य परिक्षणको व्यवस्था गर्ने कार्य शुभारम्भ गरिने छ ।
७. पोषणयुक्त खानाको अभावमा आउन सक्ने जटिलतालाई कम गर्न पोषण कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।
८. वडा नं. २ बर्राचौरमा निर्माणाधिन १५ शैयाको अस्पताल भवन समय सम्पन्न गराई बिशेषज्ञ डाक्टर सहितको स्वास्थ्य सेवा व्यवस्था मिलाईने छ । साथै पृथक तथा जटिल प्रकृतिको उपचार गराउन वालिङ, पोखरा, बुटवल वा अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य गरि विशेषज्ञ सेवा सहितको १५ शैयाको अस्पतालमा सबै किसिमको स्वास्थ्य व्यवस्था मिलाईनेछ ।
९. प्रत्येक वडामा स्वास्थ्यचौकी सहित स्वास्थ्य ईकाईलाई थप व्यवस्थित गर्दै नागरिकलाई स्वास्थ्य सेवा प्रवाह गर्न कुनै कसुर बाकीँ राखिने छैन् ।
१०. पालिका भित्रका सबै बर्थीङ सेन्टरलाई थप व्यवस्थित गराईनेछ ।
११. आधारभुत स्वास्थ्य उपचारका लागि भौगोलिक हिसाबले स्वास्थ्य चौकी भन्दा टाढा रहेका त्यस्ता स्थानहरुमा स्वास्थ्य ईकाई तथा बर्थीङ सेन्टर स्थापना गरि नागरिकलाई सहज किसिमको उपचारको व्यवस्था मिलाईनेछ ।
१२. प्रत्येक वडामा आवश्यक दक्ष जनशक्ति, औषधी, उपकरण, प्रविधि र टोलहरूमा समेत खोप सेवा, प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिने छ ।
१३. गर्भवती तथा सुत्केरीलाई पोषणसहित आवश्यक सम्पूर्ण सेवा निःशुल्क र सहज ढङ्गले उपलब्ध गराइनुका साथै वडामा दक्ष नर्ससहितको प्रसुती केन्द्रलाई सधै प्रथामिकतामा राखिने छ ।
१४. सुर्तीजन्य पदार्थ तथा मदिराको उत्पादन र विक्री वितरणमा कडाइका साथ नियमन गरिनेछ । अस्वस्थकर खानेकुराको उत्पादन, बिक्री वितरणलाई निरुत्साहित गरिनेछ त्यस्ता खानेकुराको सेवन नगर्न समाजमा जनचेतना जगाइनेछ । विषादीको जथावाभी प्रयोग नियन्त्रण गर्ने तथा स्थानीय स्तरमा अर्गानिक खानेकुराको उत्पादन र वितरणमा विशेष व्यवस्था गरिने छ ।
१५. घरलाई धुँवारहित बनाउने र बाह्य प्रदुषण नियन्त्रणका लागि उचित व्यवस्थापनका लागि मापदण्ड निर्धारण गरी कार्यान्वयन गराइने छ । गाउँलाई हराभरा र स्वच्छ गाउँको रुपमा विकास गरिने छ ।
१६. विद्यालय भित्र र बाहिर प्राथमिक उपचार तथा किशोर-किशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई संचालन गरिनेछ ।
१७. स्वास्थ्य चेतना अभिबृद्धि गर्ने तथा जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउने कार्यक्रमहरू संचालन गरिने छ ।
१८. स्वंयमसेवीका हरुलाई पालिका स्तरमा स्वास्थ्यकर्मीको रुपमा विकास गरि उनीहरुलाई बिशेष व्यवस्था गरिनेछ ।

## कृषि तथा सिंचाई

१. परम्रागत कृषि प्रणालिमा सुधार गर्दै कृषिमा यान्त्रिकीकरण,व्यवसायीकरण र आधुनिकीकरणलाई जोड दिईनेछ ।
२. सिंचाईको विस्तार,कृषि- भूमिको सही उपयोग र आधुनिक प्रविधिको माध्यमबाट कृषिको आधुनिकीकरण गर्दै पालिकालाई आत्मनिर्भर र किसानलाई समृद्ध बनाईनेछ ।
३. कृषि पेशा तर्फ आकर्षण गर्न तथा उत्पादकत्व वृद्धि गर्न टनेल, थ्रेसर, कुटानी पिसानी मिल, हाते ट्याक्टर, लगाएतका कृषि यन्त्रहरु वितरण गरिनेछ ।
४. उत्पादन र उत्पादकत्व, वृद्धि गर्दै कृषकको दैनिक स्तर उकास्न तथा कृषि कर्मलाई सरल र सहज बनाउन कृषि अनुदानको व्यवस्था मिलाईनेछ ।

५. व्यवसायीक खेती तर्फ उत्प्रेरण जगाउन कृषि प्रविधि,कृषि बिमा तथा विभिन्न किसिमका तालिम सञ्चालन गरिनेछ ।

६. एक वडामा एक नर्सरी, एक घर एक टनेल, एक घर एक मौरी घार तथा सुन्तला, कागती, आँप, अनार तथा बगैचा विस्तार लागएतका कृषि कर्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

७. तरकारी उत्पादक कृषकलाई एक व्यवस्थित पोखरीको व्यवस्था गरि पानी नभएका कृषकको घरमा ट्याकंर मार्फत पानी पुऱ्याउने व्यवस्था मिलाईनेछ । जस्तैः कृषकको घरमा एक पोखरी निर्माण गर्ने र पानी सकिदा साथ खोलाको पानी ट्याकंरमा भरी गाडी मार्फत कृषकको घर मा पानि झार्ने व्यवस्था मिलाईनेछ ।

८. प्रदेश सरकारले घोषण गरेको मुख्यमन्त्री कृषि नमुनाका गाउँ रानिपानी कुमाल गाउँ तथा गेप्ताङ सहित रानीपानी,बर्राचौरका फाँटहरु, बाच्छा, वहाकी आपालयका फाँट अनि डुड तथा खोरपोखर र शालिग्रामको लामगरको खेतीयोग्य जमिनलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।

९. यस गाउँ पालिकाका रानीपानी र वर्राचौरको समथर तथा खेतीयोग्य जमिन भएता पनि सिंचाई गर्न पर्याप्त पनी नहुदा फाँटहरु टाट पल्टिएको वर्तमान अवस्थाको अन्त्य गरि कालीगण्डकी नदीको पानी लिफ्ट प्रणाली मार्फत ल्याई सींचाईको व्यवस्था गर्ने कार्यको थालनी गरिने छ । साथै यस अघि हाम्रो पार्टीका गाउँपालिका अध्यक्षले नै यसको डि.पि.आर. तयार पारि तथा सबै प्रक्रिया पुरा गरेको जानकारी गराउदै एक बर्ष भित्रमानै उक्त कामको थालनि गरिनेछ ।

१०. किसानलाई व्यवसायीक रुपान्तरित गर्न पशुपालन, मौरीपालन, माछापालन, मासु उत्पादन, दुग्ध तथा पोल्ट्री जन्य वस्तू उत्पादन, वडा स्तरमा चिस्यान केन्द्र स्थापना तथा मिल्क क्यानको व्यवस्था, घाँसको नर्सरी स्थापना गरी कृषकलाई वितरण, गरिब विपन्नहरु लाई व्यवसायीक बनाउन सुंगुर,बाखा,कुखुरा वितरण जस्ता कार्यक्रमलाई सदैव महत्व दिईनेछ ।

११. विहादी गाउँपालिकाको पुर्नगाउँ,गेप्ताङ र उपल्लो बाच्छामा भुई स्याउको सम्भाव्यता अध्ययन गरि उक्त खेतीको विस्तार गरिनेछ ।

१२. बाच्छालाई सुन्तला पकेट क्षेत्र घोषणा गर्दै त्यहाँ उत्पादित सुन्तला बाह्रैमास खान मिल्ने गराउन चिस्यान केन्द्रको व्यवस्था मिलाईनेछ ।

१३. जनप्रतिनिधि किसानको सारथी कार्यक्रमलाई अगाडी बढाईनेछ ।

१४. धान,मकै, गहुँ,तोरी, आलु लगाएतका नगदेबाली हुने स्थानको सम्भाव्यता अध्ययन गरि ति क्षेत्र लाई पकेट क्षेत्रको रुपमा विस्तार गर्दै त्यस्ता उद्यममा संलग्नहरुलाई सहयोग तथा प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ ।

१५. कृषि उपज विक्री वितरणमा सहज ल्याउन तथा कृषकले उत्पादन गरेका तरकारी खेर जान नदिन विहादी गाउँपालिकामा कृषि एम्बुलेन्स सञ्चालन गर्ने हाम्रो पार्टीको नेतृत्वले अगाडी सारेको नितिलाई यसै आर्थीक बर्षमा कार्यान्वयन गरिने छ ।

१६. जीवनमुखी खेतीबाट उत्पादनतर्फ लैजान,कृषकको बचत गर्ने बानीको विकास गर्न,कृषकहरुलाई प्रोत्साहन तथा कृषि व्यवसायलाई व्यवस्थित बनाउन सञ्चालन गरिएको कृषक बचतकोषलाई ६ ओटै वडामा व्यापक रुपमा विस्तार गरिनेछ भने कृषको बैंक खाता खोली रकम जम्मा गर्ने मिशनलाई सधैं प्रथामिकता दिदै थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । गाउँपालिकाले मासिक रुपमा कृषकको खातामा २ सय ५० जम्मा गर्ने नितीलाई वृद्धि गर्दै मासिक ५ सय रकम कृषकको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

१७. व्यवसायीक रुपमा रागो पालन गर्ने किसानलाई बार्षीक प्रति एक रागो बराबर १० हजार रकम अनुदान दिने,उन्नत जातको गाई तथा भैंसी पाल्ने किसानलाई प्रति एक गाई / भैंसी २० हजारका दरले अनुदान दिने व्यवस्थालाई निरन्तरता दिदै लगिने छ ।

१८. किसानलाई प्रोत्सहान गर्न व्यवसायीक किसानले उत्पादन गरेको प्रति लिटर दुधको बजार भाउ भन्दा दिदै

आएको ३ रुपैयाँ बढि रकमलाई बढाएर ५ रुपैयाँ पुऱ्याईनेछ

१९. कृषिलाई समृद्धिको बलियो आधार मान्दै कृषि क्षेत्रको आधुनिकिरिण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभुती गरिने योजना अगाडी सारिनेछ ।

२०. कृषि क्षेत्रको चौतर्फी विकासको लागि विभिन्न किसिमका अनुदान दिनुका साथै प्रत्येक वडामा कृषि उपज बिग्रन नदिन चिस्यानकेन्द्रको स्थापना गरिनेछ ।

२१. स्थानिय स्तरमा उत्पादित कृषि उपजमा आधारित उद्योग स्थापना गरि रोजगारीका साथै मकै,गहुँ,जौं, भट्टमास, केराउ जस्ता नगदेबालीको परिकार निर्माणमा जोड दिदै कषि मार्फत रोजगारीको व्यवस्था मिलाईनेछ ।

२२. भू उपयोग कानून वनाइ जमिन बाँझो राख्नेलाइ निरुत्साहन र बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गर्ने ऐन नियम तथा नीति निर्माण गरिनेछ ।

२३. कृषि र पशुपंक्षि क्षेत्रमा व्यवशायिक रुपमा काम गरीरहेका किसानकोलागि स्थलगत प्राविधिक सेवा कार्यक्रम गाउँपालिका बाट मिलाईनेछ ।

२४. विहादी गाउँपालिकाका सबै खेती योग्य जमिनहरुमा बाह्रै महिना सिंचाईको व्यवस्था मिलाउन नहर तथा कुलो निर्माण गरिनेछ ।

२५. स्थानिय बालिको संरक्षण गर्दै नगदे बालिको बिउ विजन वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

२६. आयातित वस्तुलाई निरुत्साहित गर्नको लागि स्थानिय उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

२७. प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ ।

## सहकारी मार्फत रोजगारी

१. सहकारी क्षेत्र लाई आर्थिक समृद्धि, जनताको जीवनस्तर वृद्धि, कृषिको व्यवसायिकरण र रोजगारी अभिवृद्धिको माध्यमका रूपमा अगाडि बढाइने छ ।

२. हाम्रो पार्टीका उम्मेदवार निर्वाचित भई स्थानिय सरकारको नेतृतव गरे पछि एक घरः एक रोजगारी' सुनिश्चित गरिने छ । १० बर्षभित्रमा १८ बर्ष पुगेका प्रत्येक नागरिकले रोजगारी पाउने गरी कार्ययोजना सुरु गरिनेछ । प्रत्येक वडामा कृषि, पशुपंछी पालन, फोहरमैला व्यवस्थापन, जैविक उर्जा, घरेलु, लघु र मझौला उद्योगहरू, शीत भण्डारहरू सञ्चालनका माध्यमबाट ठूलो मात्रामा रोजगारी एवम् स्वरोजगारी सिर्जना गरिने छ ।

३. सबै टोलहरूमा रहेका बेरोजगार व्यक्तिहरूलाई उत्पादक सहकारीमा आबद्ध गरी स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न प्रेरित गरिने छ

४. सहकारीहरूले सञ्चालन गर्ने व्यवसायहरूका लागि तोकिएको मापदण्डको आधारमा अनुदान दिइनेछ । सहकारी मार्फत कृषि, पशुपन्छी पालन, घरेलु तथा साना उद्योग, कालिगढ र सीप अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्न विशेष वित्तीय व्यवस्था सञ्चालन गरिने छ । सबै सहकारीहरूको बीमा व्यवस्था गरिने छ ।

५. सहकारीले आपसमा साझेदारी गरी खोल्ने शीतभण्डार निर्माण गर्दा सरकारले विशेष अनुदान प्रदान गर्नेछ ।

६ कृषि कर्जा लिने किसानहरुको प्रगति अनुगमन र व्याज अनुदान कार्यक्रम तथा वित्तिय संस्थावाट कृषि ऋण लिइ कृषि व्यवसाय गर्न चाहने किसानहरुको लागि बिशेष व्यवस्था मिलाईनेछ ।

## औद्योगिकरण

१. संघ र प्रदेश सरकारको एक स्थानिय तहमा एक उद्योग ग्राम निति अनुरुप वडा नं. २ बर्राचौरमा स्थापित उद्योग ग्रामको निर्माणकार्य यथासिघ्र सम्पन्न गरि गाउँपालिका भित्र छिरल्लिएर सञ्चालित भएका सबै उद्योगहरु लाई औद्योगिक ग्राममा ल्याईनेछ ।

२. उक्त उद्योग ग्रामलाई सरकारी औद्योगिक क्षेत्रको मोडलमा सञ्चालन गरी स्थानिय उत्पादनमा आधारित उद्योगहरु लाई प्रथामिकता दिईनेछ ।

३. साना, मझौला र ठुलो उद्योगहरु उद्योग ग्राममा सञ्चालन भए पश्चात रोजगारी सिर्जाना, उत्पादन र उत पादकत्व वृद्धिका साथै गाउँपालिकालाई आत्मनिर्भरको मार्गमा उन्मुख गराईनेछ। उक्त उद्योगग्राम मार्फत आयातित वस्तु लाई कम गर्दै निर्यातमा जोडदिईनेछ।

४. लगानीकर्ताहरूलाई आकर्षित गर्न उद्योग ग्राम स्थापना पश्चात विद्युत्, पानी तथा अन्य पूर्वाधारको व्यवस्था निःशुल्क मिलाईनेछ।

५. गाउँपालिकाको बर्राचौर,नौलेभिर,बाच्छामा रहेको विशाल ढुंगाखानी क्षेत्र, कालीगण्डकीमा रहेको बालुवा र यहाँको चुन ढुंगालाई प्रशोधन तथा अन्य निर्माणसामग्री उत्पादनको लागि उद्योगहरु स्थापना गरिनेछ।

६. विभिन्न किसिमका उद्योगहरु सञ्चालन गर्दै विदेशीएका युवाहरुलाई गाउँमै रोजगारको व्यवस्था मिलाईनेछ।

७. कालिगण्डकी करिडोर सँग जोडिएको यो उद्योग ग्राम औद्योगिक सहर बुटवल सँग सिधासम्पर्क भएकाले पनि यहाँ उत्पादिन वस्तुको निकासीमा समेत सहजता पुग्ने हुदा भारत र चिन सम्म यहाँका उत्पादन पुर्‍याउने निति लिईने छ।

८. गाउँपालिका भित्रका सम्भावित खानीको अध्ययन अनुसन्धन तथा इ.आई.इ., आई.ई.ई. गरि उत्खननको प्रक्रिया थालिनेछ।

९. स्वदेशी उत्पादनको प्रयोग गर्न नागरिकलाई प्रोत्साहन गरिने छ।

१० परम्परागत सिपमा आधारित डोको नाङ्लो, भकारी, थुन्से बुन्ने कलालाई प्रवर्द्धन गर्दै आरन, कपडा सिउने मेशिन लगाएतका साना घरेलु उद्योगहरुलाई संरक्षण र प्रवर्द्धन गरिनेछ। स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रबर्द्धन गर्न् नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ।

## खानेपानी

१. “सवैघर तथा वस्तिमा सुरक्षित र पर्याप्त खानेपानीको नियमित आपुर्तिको व्यवस्था मिलाईनेछ

२. निर्माण सम्पन्न हुने चरणमा रहेको रुम्टा, अरेवा, शालिग्राम जस्ता बृहत लिफ्ट खानेपानी आयोजनाको काम समयमै सम्पन्न गरि लिफ्ट खानेपानी आयोजनाको लागि बिद्युत खपत महसुल उपभोक्तलाई तिर्न महंगो हुने कुरालाई ध्यानमा राख्दै १०० प्रतिशत खानेपानी विद्युत महसुल रकम तिर्ने व्यवस्था मिलाईनेछ।

३. वहाकी र बर्राचौर बृहत खानेपानी आयोजनाको काम ढिला सुस्ती भएकोमा एक बार्षमै सम्पन्न गर्ने गरि पहल थाली उक्त खानेपानी आयोजना यथाशाक्य छिटो सञ्चालनमा ल्याईनेछ। उक्त स्थानहरुमा पनि लिफट गर्नुपर्ने भएका कारण विद्युत खपत हुने हुदाँ १०० प्रतिशत खानेपानी विद्युत महसुल रकम तिर्ने व्यवसथा मिलाईनेछ।

४. कुनै पनि नागरिकलाई स्वच्छ खानेपानीको पहुच भन्दा बाहिर राखिने छैन्।

५. एक गाग्री खानेपानीको जोहो गर्न घण्टौं हिडेर मुहान तथा खोल्सा खोल्सीमा पुग्नुपर्ने विहादी गाउँपालिकाका कुनै पनि स्थानका बासिन्दाको बाध्यताको एक बर्ष भित्रमा अन्त्य गरिनेछ।

६. सञ्चालनमा आएका उरामपोखरा र बाच्छामा खानेपानीका आयोजना तथा रानीपनीको साविक वडा नं. ३ र
२ अनि बर्राचौरका ४ ओटा वडाहरुमा लिसे गैह्रा खानेपानी आयोजना तथा अन्य खानेपानीका मुहान सधैं सफा गर्दै संरक्षण तथा मर्मत गर्नुपर्ने भए सो को व्यवसथा मिलाईने छ।

७. सबै खानेपानी आयोजनाको रेखदेख गर्ने कर्मचारीको व्यवस्था गाउँपालिका बाटनै मिलाईनेछ।

८. सम्पन्न भएका खानेपानी योजनाहरुको दीगोपनाको लागि आवश्यक ऐन, नियम, नीति तथा कार्यविधि निर्माण गरिनेछ।

९. खानेपानी व्यवस्थापनका लागि आवश्यक प्राविधिक जनशक्ति विकास गरिनेछ।

**फोहोरमैला व्यवस्थापन र सरसफाइः**

१. यत्रतत्र सर्वत्र छरिएका प्लास्टीक, सिसा र अन्य नकुहिने वस्तु लाई व्यवस्थित गरिनेछ।

२. फोहरमैला व्यवस्थापनको नाममा नकुहिने फोहर जलाउने प्रवृत्तिको अन्त्य गरिनेछ।

३. समुदायमा आधारीत फोहरमैला व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

४. "खुला प्लास्टीक मुक्त" पालिका घोषणा गर्ने अभियानको थालनि गरिनेछ।

६. पुनः प्रयोग योग्य वस्तुको टोल स्तरमा न्यूनतम खरीद मूल्य निर्धारण गर्ने तथा प्रत्येक परिवारले फोहर भनेर फाल्ने गरेका वस्तु विकि गरेर प्रति वर्ष कम्तिमा रु १०० आम्दानीको व्यवस्था मिलाईनेछ।

६. फोहरमैला व्यवस्थापन स्थल निर्माण गरिनेछ र फोहोर प्रशोधन गरी अन्य चिज बनाउने निति लिईने छ।

७. फोहोर मैला व्यवस्थापन र सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

**विद्युतीकरण र आधुनिक ऊर्जाः**

१. विद्यूत आपूर्तिमा वारम्वारको अवरोध हुने समस्याको समाधान गरिनेछ।

२. विद्यूत प्राधिकरणको भन्दा सामुदायिक ग्रामिण विद्यूतीकरण भएका क्षेत्रको विद्यूत महशुल महंगो भएको गुनासो आएकोले त्यस्को लागि समाधान खोजिनेछ।

३. गाउँपालिका भित्र बैकल्पिक उर्जा उत्पादन तथा सम्भावित नदि, खोला बाट विद्युत उत्पादनको खोजी गरिनेछ।

४. विद्युत सम्बन्धिको आवश्यक कानुन निर्माण गरिनेछ।

५. विद्युत क्षेत्रमा स्थानीयरुपमा आइपर्ने समस्या समाधान गर्न सक्ने तालिम प्राप्त जनशक्ति आवश्यक संख्यामा उत्पादन र परिचालन गरिनेछ।

६. विहादीको सेतीखोलामा ३ मेगावट जलविद्युत परियोजनाको काम समयमै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।

७. कालिगण्डकी बि जलविद्युत आयाजनाको अध्ययन अनुसन्धानको काम समेत भईरहेको वर्तमान अवस्थामा त्यसको सम्भावित अध्ययनमा सहजीकरण गर्दै काम यथासिघ्र सुचारु गर्न आवश्यक पहल थालिने छ ।

८. सरकारी-निजी साझेदारीमा सौर्य विद्यूत उत्पादन कार्यक्रम र सौर्य उर्जा प्लान्ट रहेको जमिनको थप उपयोग कार्यक्रमः घाँस खेती र पशुपालन, स्थानीय जात कुखुरा वा कालिज पालन, जडिवुटी र मसलाबाली खेती आदी लाई प्रथामिकता दिईने छ। साथै गोबर ग्यास प्लानट कार्यक्रमलाई अगाडी बढाईने।

९. सार्वजनिक स्थल, वजार चोकहरुमा सौर्य वत्ती लगायत वैकल्पिक श्रोतवाट उज्यालो विहादीकार्यक्रमलाई निरन्तर रुपमा अगाडी बढाईनेछ।

१०. विद्युतीय चुलो चडान गर्न चाहने पलिका भित्रका नागरिकहरुलाई विद्युतिय चुलोमा उपभोक्ताको ५० प्रतिशत र गाउँपालिकाको ५० प्रतिशत रकममा किन्ने व्यवस्था मिलाईनेछ।

**खेलमैदान निर्माण तथा खेलाडीलाई प्रोत्साहन**

१. गाउँपालिकाको खेलकुदको विकासलाई महत्व दिईने छ। खेलकूद पूर्वाधार विकास कार्यक्रमलाई जोड दिईनेछ।

२. दक्षिण पर्वतको उत्कृष्ट खेलमैदान मानिने ईमिचौरमा मिनि रंगशाला निर्माणको काम लाई मुर्तरुप दिईनेछ। उक्त स्थान लाई दक्षिण पर्वतकै उतकृष्ट खेलमैदानको रुपमा विकास गरिनेछ।

३. बाच्छा, माझगाउँ, आपालय लगाएतका स्थानमा निर्माण भएका खेलमैदान लाई व्यवस्थित गरि नियमित खेलका गतिविधि सञ्चालन गरिनेछ।

४. 'एक वडा-एक खेल मैदान' को नीति लाई निरन्तरता दिईनेछ

५. दक्ष खेलाडी उत्पादन तर्फ पनि ध्यान दिदै खेलाडीहरुलाई प्रोत्साहन गर्न विभिन्न खेलकुदका सामाग्री वितरण गरिनुका साथै ड्रेस वितरण कार्य गरिनेछ।

५. सबै माध्यामिक विद्यालयहरु वीचमा प्रतिस्पर्धा गरी राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रम सञ्चालन, र वार्ड स्तरमा विभिन्न विधाका खेलकुदहरु सञ्चालन गरिदै लगिनेछ ।

७. सबैको शारीरिक र मानसिक स्वास्थ्य तन्दुरुस्त राख्न सामूहिक भावना विकास गर्ने र अनुशासित तथा मर्यादित जीवनयापन गर्न सिकाउने उद्देश्यले सम्पूर्ण विहादीवासीलाई कुनै न कुनै खेलकूदमा भाग लिन पाउने अवसर प्रदान गरिनेछ ।

**पार्क निर्माण**

१. प्रत्येक वडामा पिस पार्क निर्माणको निति लिईनेछ ।

२. विहादी गाउँपालिकामा निर्माण भएका पार्कहरुले गाउँपालिकाको शोभा बढाउनुका साथै प्रकृतिमा रमाउने र शान्त एवं आध्यात्मिक वातावरण खोज्ने सबैको रोजाइको बनाईनेछ ।

## पर्यटन बाट गाउँपालिकाको समृद्धि

विहादी गाउँपालिका पर्वत जिल्लाको दक्षिण भेगमा अवस्थित एक अत्यान्तै सुन्दर गाउँपालिका हो । विहादी बहुभाषिक,प्राकृतिक सौन्दर्यता तथा ऐतिहासिक धार्मिक एवम् सांस्कृतिक विविधताले सम्पन्नशाली गाउँपालिका हो । रमणीय र पर्यटकीय स्थल, थरिथरिको समाज अनि एकता, फरक भूगोल, धार्मिक विविधता विहादी गाउँपालिकाको अपरिभाष्य विशेषता हो । उत्तर तर्फ देखिने माछापुच्छ्रे र धौवलागिरी हिमाल,दक्षिण तर्फ देखिने मन्द गतिमा बग्ने कालिगण्डकी नदी तथा कालिगण्डकी जलविधुत आयोजनाका क्रममा बनेको ताल, लट्टरम कृषि उत्पादन गरिरहे का फाँट,प्राकृतिक मनमोहक छटा,मननै लोभ्याउने प्राकृतिक डाँडा,खोला नाला,गुफा र झर्नाहरुले यस गाउँपालिकाको शोभा बढाईरहेका छन् । यस ठाउँका मौलिकता बोकेका अकर्षक बस्तीहरुले सामाजिक एकता, सदुभाव र सहिषुणताको सन्देश प्रवाह गरिरहेका छन् । बाईसे चौबिसे राजाहरुको पालामा अधिन स्थल मानिने यो गाउँपाकिलका धार्मिक, प्राकृतिक तथा पुरातात्वि सम्पदाको खुल्ला संग्रालय जस्तै हो । विहादी गाउँपालिकामा पर्यटनको प्रचुर सम्भावना भएकाले पनि पर्यटनलाई समृद्धिको आधार मानिएको हो ।

१. नेपाल सरकार र प्रदेश सरकारले घोषणा गरेको एक सय गन्तव्य भित्र पर्ने विश्वकै ठुलो शालिग्राम शिला यस गाउँपालिकाको मुख्य पर्यटकिय स्थल हो । नेपाली भक्तजनहरुको आस्थाको धरोहर मानिने शालिग्राम दर्शन गर्न बर्षमा लाखौं मानिसहरु यहाँ आउने गरेका छन् । बैशाख र माघे संक्रान्ती तथा ठुली एकादशीमा बिशेष मेला लाग्ने यस ठाउँमा बाह्य तथा आन्तरिक पर्यटकको घुईचोनै लाग्ने गर्दछ । कालिगण्डकी करिडोर सँग जोडिएको यस स्थानमा कालिगण्डकी जलविद्युतका क्रममा बनेको तालमा सञ्चालित स्टीम्वरहरु चढेर अलौकिक आनन्द लिन पाईने हुदाँ यहाँका पर्यटकहरु आईरहने गर्दछन् । पर्यटकहरुलाई मध्यनजर गर्दै उक्त स्थानमा पर्यटनमैत्री क्रियाकलाप सञ्चालन गरिने छ ।

२. हरेक बर्ष बर्षातको समयमा कालिगण्डकीको बाढी र छालका कारण शिला शालिग्रामको अस्तित्व संकटमा परेकोले यसको संरक्षण र सम्वर्द्धनमा बिशेष प्रथामिकता दिईने छ भने शिला शालिग्रामको परिक्रमा स्थल जीर्ण तथा भत्किएर तिर्थालु तथा पर्यटकहरुलाई परिक्रमा गर्न अबरोध भएकोले सहज ढंग बाट शिला शालिग्रामको परिक्रमा गर्न मिल्ने बनाईने छ ।

३. गाउँपालिकामा रहेको सबैभन्दा उचाइमा पर्ने गोर्ल्याङधामलाई इकोटुरिजमको रुपमा विकास गरिनेछ ।

४. बाईसे चौबिसे राज्यताकाको ऐतिहासिक लुङरिङ्गकोटको पुनःनिर्माण थालिने छ ऐतिहासिक कालमा यहाँ रहेको सभ्यता र शासन प्रणालीबारे उक्त स्थानमा संग्रहालय स्थापना गरी पर्यटन क्षेत्रको विकास गरिने छ । यसको ऐतिहासिकताको बारेमा प्रचार प्रसारलाई व्यापक बनाईनेछ ।

५. विहादी गाउँपालिकाको उराममा पर्ने शिवपुरी धाममा आवश्यक पर्यटन पूर्वाधारको काम थालनि गरिनेछ ।

६. आस्थाको धरोहर मानिने खड्ग देवी मन्दिर, बच्छेश्वर मन्दिर, बच्छेश्वरकोट, छापाकोट मन्दिर, गौरा देवीथान, गौरा देवी मन्दिर , रम्भादेवी मन्दिर र रानिपानि दरवार गुफामा केही पूर्वाधार निर्माणको काम सम्पन्न भईसकेकोले त्यहाँको धार्मीक महिमा र महत्वको प्रचार प्रसार गरीने छ भने आवश्यक पुर्वाधार निर्माणका कामलाई अगाडी बढाईनेछ ।

७. देउराली डाँडाको मन्दिरलाई पुन: निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

८. लुङरिङ लामाचौर/देउराली डाँडामा अत्याधुनिक विद्युतिय एक भ्युटावर निर्माण गरिनेछ ।

९. शितल गुफामा पूर्वाधार निर्माणको सबै काम सकिएकोले त्यसको दैनिक व्यवस्थापनमा लागिने छ ।

१०. ऐतिहासिक र पुरातात्विक महत्वका स्थानहरूको संरक्षण गर्दै पूर्वाधार विकासबाट पर्यटकहरूलाई आकर्षित गरिने छ ।

११. जैविक र सांस्कृतिक विविधता एवम् प्राकृतिक सौन्दर्यको अध्ययन-अवलोकनको लागि विहादीलाई परिचित गराउँदै पर्यटन उद्योगको प्रवर्द्धन गरिनेछ ।

१२. पर्यटकहरूको संख्या व्यापक रुपमा बढाउन विहादी गाउँपालिकाकामा रहेका पर्यटकीय स्थललाई जोडी पर्यटन प्याकेजको कार्यक्रम ल्याईनेछ ।

१३. पर्यटन गतिविधि बढाउदै पर्यटक तान्न कालिगण्डकी नदिमा ऱ्याफ्टिङ लाई व्यवस्थित र नियमित गराईनेछ ।

१४. विहादी गाउँपालिकाको लामाचौर बाट प्याराग्लाईडिङको सफल परिक्षण पश्चात प्याराग्लाईडिङ नियमित उडानका लागि भौतिक पूर्वाधारको काम सम्पन्न भएकोले नियमित उडानको लागि संबन्धित कम्पनीहरु सँग छलफल गरी सम्झौता बमोजिम नियमित उडानको व्यवस्था मिलाईनेछ ।

१५. क्याम्प फायर गर्न चाहने पर्यटकहरका लागि पर्यटकको रोजाईका स्थानमा टेण्ट हाउस देखि आवश्यक सबै सुविधाको प्रबन्ध गरिनेछ ।

१६. आन्तरिक पर्यटनलाई प्रोत्साहन गरिने छ । पर्यटनका विकासका लागि आवश्यक जनशक्ति तयार गर्न पहल गरिनेछ ।

### ❁ होमस्टे र पदमार्ग

१. विहादी गाउँपालिकाका बच्छेश्वर, सालडाँडा, छाप र गेप्ताङमा रहेका सामुदायिक होमस्टेहरुलाई व्यवस्थित गर्दै यहाँको संस्कृतिलाई सम्वर्द्धन र प्रवर्द्धन गरिने छ ।

२. होमस्टेलाई थप व्यवस्थित गर्न तालिम तथा पूर्वाधार निर्माणमा सहयोग गरिने छ भने पर्यटकहरुलाई होमस्टेमा सधै अर्गानिक खानाको व्यवस्था मिलाईनेछ ।

३. होमस्टेलाई पर्यटन विकासको मेरुदण्डको रुपमा लिईने छ र सोही अनुरुपका क्रियाकलाप गरिनेछ । होमसटे आउने अतिथिको स्वागत सत्कारको लागि लक्षित गर्दै त्यस्तो किसिमको तालिम सञ्चालन गरिनेछ ।

४. यहाँ आउने पर्यटकलाई आतिथ्यता प्रदान गर्न सबै नागरिकले पर्यटकालाई सम्मन तथा सहयोग गर्ने निति लिईनेछ ।

५. निर्माणको चरणमा रहेको गाईथुने हदै बच्छेश्वर पदमार्गलाई यो बर्ष पूर्णता दिईनेछ ।

६. कालिगण्डकी–आपालय–रम्भादेवी हुदै लामाचौर जाने पदमार्ग निर्माण गरिनेछ ।

७. सेतीवेणी–सिमल भञ्ज्याङ–छापाकोट जाने पदमार्गको सबै काम सम्पन्न गरिनेछ ।

८. खड्ककोट भलुवाकुण्ड–शितल गुफा हुदै देउराली–लुङरिङकोट पदमार्ग तथा डुड–उरामपोखरा हुदै लुङरिङकोट पदमार्गको विकास गरिनेछ ।

९. यहाँका लामा तथा छोटा पदमार्गहरु बाट विहादी गाउँपालिकालाई हाईकिङ हवको रुपमा परिचित गराईनेछ ।

### संस्कृति प्रवर्द्धन र सामाजिक रुपान्तरण

१. विभिन्न समुदायहरुको संस्कृति प्रवर्द्धनका लागि वडास्तरमा कार्यक्रम सञ्चालन गरिने छ ।
२. समुदाय विशेषका पुराना लोपहुन लागेका सामाग्री, सीप, पेशा, वाद्यवादन सामाग्री, गीत, नाँच र संस्कार संस्कृतिको संरक्षण प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
३. वडा नं. १ धैरेनी मा निर्माणाधिन तमु संग्राहालयलाई सम्पन्न गरि आवश्यक वस्तु तथा संस्कृति विकासको कार्यान्वयन गर्दै पयर्टकिय आकर्षणको बनाईनेछ ।
४. यहाँको ब्राह्मण,मगर,कुमाल संस्कृति तथा कौडा,पञ्चैबाचा, सालैजो,झ्याउरे,रत्यौली,भजन जस्ता संस्कृतिको जगेर्ना गर्दै पर्यटन सँग जोडिने छ ।
५. परिवार, विद्यालय र समाजमा श्रमलाई सम्मान गर्ने भावना, महिला र जेष्ठ नागरिकप्रति आदरभावको विकास गर्दै लगिने छ ।
६. आफ्नो इतिहास र संस्कृति प्रति गौरव बोध, समाजसेवा र सामूहिकता जस्ता मूल्यहरूको प्रबर्द्धन गरिने छ ।
७. परिवारबाटै असल संस्कारको विकास गर्न स्थानीय सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नेछ ।
८. सामन्ती संस्कृतिका अवशेष, सामाजिक विभेद, निचको दुर्भावना, अन्धविश्वास, छुवाछुत, घरेलु हिंसा, दाइजो प्रथा, बोक्सी प्रथा जस्ता कुसंस्कारहरूको अन्त्यका निम्ति सरकारी, गैरसरकारी र स्थानीय समुदाय परिचालन गरी सामाजिक अभियान सञ्चालन गरिने छ । यस किसिमका अपराध गर्ने व्यक्तिलाई कडा कानूनी कारवाही गरिने छ ।
९. ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाहरुको जिर्णोद्धार, संरक्षण र सम्बर्द्धन सम्बन्धी कार्यक्रम लागु गरिनेछ । सार्वजनिक सम्पदा संरक्षणका लागि स्थापित गुठी, ट्रष्ट तथा कोषहरुको सम्पत्तीको खोजी र स्थापना, सूचिकरण, संरक्षण एवं व्यवस्थापन कार्यक्रम लागु गरिनेछ ।
१०. मठमन्दिर, गुम्बा, धर्मशाला, पाटी पौवा, सत्तल, चौतारो, ऐतिहासिक सार्वजनिक धारा, कुवा, ऐतिहासिक भवनहरु आदिको संरक्षण पुनस्थापना तथा विकासका कार्यक्रम लागु गरिनेछ
११. वन्द भएका सांस्कृतिक एवं पर्यटकिय महत्वका मेला-पर्व, कला तथा सिप पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

**युवा,महिला तथा बालबालिका**

१. युवाहरूलाई रूपान्तरणका संबाहक र नेतृत्वका साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गरिने छ ।
२. उद्यमशीलता वृद्धि गरी युवाहरूलाई स्वरोजगारतर्फ आकर्षित गरिने छ ।
३. युवाहरूको सिर्जनशीलता, उर्जा र संभावनाको विकासका लागि वातावरण निर्माण गरी हिंसा, दुर्व्यसन र अराजकतामा युवालाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रित गरिने छ ।
४. इर्न्टनशीप प्रणालीद्वारा युवालाई श्रमसँग परिचित गराइने छ । आम युवामा श्रमप्रति आस्था जगाउने र श्रम गर्ने बानीको विकास गराइने छ ।
५. स्वयम्सेवा कार्यक्रम मार्फत् युवालाई समाजसँग आबद्ध बनाइने छ । शिक्षित र दक्ष युवालाई पालिका भित्रै उच्च पारिश्रमिक आधारित रोजगारी सिर्जना गरिने छ ।
६. यूवा स्वःनिर्भर उद्यम विकास कार्यक्रम (हरेक वडामा युवाकेन्द्रित उद्यम व्यवशायको व्यवस्था) गरिनेछ । युवा केन्द्रित सुरुआती पुँजीको व्यवस्थापन सहयोग कार्यक्रम लागु गरिनेछ ।
७. भौतिक पुर्वाधारमा यूवा रोजगारमैत्री प्रविधि र प्रणाली विकासकार्यक्रम तथा आवश्यकताको आधारमा यूवा लक्षित पुर्वाधार निर्माण कार्यक्रम लागु गरिनेछ ।
८. विपद व्यवस्थापनमा 'युवा स्वयंसेवक' परिचालन कार्यक्रम सञ्चालन गरिनेछ ।

९. उद्योग, कृषि मार्फत युवा रोजगार कार्यक्रम ल्याईनेछ।
१०. नेपालको संविधानले महिलाहरूका निम्ति प्रत्याभूत गरेका अधिकारहरू पूर्ण रूपमा कार्यान्वयन गरिने छ। सबै क्षेत्रमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको हकलाई सुनिश्चित गरिने छ।
११. महिला विरुद्धका सम्पूर्ण विभेदकारी कानून, मान्यता र व्यवहारको अन्त्य गरिने छ। महिला विरुद्धका सबै किसिमका हिंसा अन्त्य गर्न प्रभावकारी कदम चालिने छ।
१२. महिलाहरुलाई मण्टेश्वरी तथा विभिन्न सिप मुलक तालिम प्रदान गरिनेछ।
१३. महिला उद्यमी कार्यक्रम सञ्चालन गरिनेछ। महिलहरुलाई व्यवसायीकरण गर्न तथा महिला स शक्तिकरणको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
१४. बालमैत्री गाउँ पालिका अभियान सञ्चालन गरिने छ भने बालबालिकाहरु लाई विभिन्न किसिमका तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
१५. बालविवाह, बहुविवाहलाई पूर्णतः निषेध गरिने छ।
१६. बालश्रमको अन्त्य, तथा बालमैत्री शासन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
१७. विहादी गाउँपालिकाका एकल महिलाहरुलाई सरकारले दिदै आएको सुविधा रकममा रु. ५ सय थप गरिनेछ।

**जेष्ठ नागरिक, फरक क्षेमता भएका, अशक्त र पछाडि परेका वर्ग तथा समुदायको उत्थान तथा सामाजिक सुरक्षाः**

१. प्रत्येक वडा जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम गरिनेछ।
२. ७० बर्ष पुगेका जेष्ठ नागरिक तथा एकल महिला र ६० बर्ष पुगेका दलितहरुलाई नेपाल सरकारले दिदै आएको मासिक बृद्धाभत्तामा थप व्यवस्था गरिनेछ।
३. आधुनिक प्रविधि सँग रमाउने बनाउन ७५ बर्ष पुगेका जेष्ठ नागरिकहरुलाई एक मोबाईल फोन वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
४. "घरदैलोमा जेष्ठ नागरीक स्वास्थ्य परामर्श सेवा"कार्यक्रम सञ्चालन गरिनेछ।
५. समाजबाट जातीय भेदभाव तथा छुवाछुत पूर्ण रूपमा उन्मूलन गर्न व्यवाहरिक रुपमा पुर्ण कार्यान्यवय गरिनेछ।
६. दलित समुदायको हक अधिकारसम्बन्धी कानुन र नीति योजनाको कार्यान्वयन प्रभावकारी तुल्याउँदै समाजमा न्याय र समानता स्थापना गरिने छ।
७. दलित समुदायका परम्परागत पेशा, कला र सीपको संरक्षण, सम्बर्द्धन गर्दै तिनको आधुनिकीकरण र व्यावसायिकीकरण गरिने छ।
८. घरवारबिहीन दलित समेतका लागि आवास को व्यवस्था मिलाईनेछ भने रोजगारीको व्यवस्थामा प्रथामिकता दिईनेछ।
९. फरक क्षमता भएका तथा अशक्त र पिछाडी परेको वर्गको हक हितको लागि छुट्टै निति कार्यक्रम सञ्चालन गरिनेछ। उनीहरुलाई प्रथामिकतामा राखेर कार्ययोजना बनाईनेछ।
१०. गाउँपालिका भित्र वसोवास गर्ने जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका र अशक्तहरुको जिवनयापनमा सहजता ल्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
११. फरक क्षमता भएका व्यक्ति प्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन गरिने छ। शिक्षा, सीप विकास र रो जगारीबाट उनीहरूभित्रको विशेष क्षमतालाई उजागर गर्न विशेष कार्यक्रम संचालन गरिने छ।
१२. फरक क्षमता भएका व्यक्तिहरूलाई सर्वकालिन सामाजिक सुरक्षाको दायरामा ल्याइने छ।
१३. बालबालिका शान्ति क्षेत्रको अवधारणालाई आत्मसात् गर्दै उचित माया र वातावरणमा हुर्किन पाउने अधिकार को ग्यारेन्टी गरिने छ।

१४. साना बालबालिकाहरुको लागि छुट्टै मन्टेश्वरी विद्यालयको व्यवस्था गरिनेछ ।

१५. पछाडि परेका वर्ग तथा समुदायको सहभागिता, विचार तथा आवश्यकतालाइ वेवास्ता गर्ने सामाजिक परि पाटीको पूर्ण अन्त्य गरि उनीहरुको लागि छुट्टै प्रकारको व्यवस्था मिालईनेछ ।

१६. गाउँपालिका भित्रका एकल पुरुषलाई मासिक रु. १००० भत्ता दिने व्यवस्था मिलाईनेछ ।

१७. अति विपन्न परिवारको पहिचान गरि दशैं खर्चको व्यवस्था मिलाईनेछ ।

**श्रमिक तथा अन्य व्यवस्था**

१. मासिक आम्दानी नभएका ज्याला मजदुरी गरी खाने परिवारको तथ्याङ्क सङ्कलन गरी त्यस्ता परिवरलाई मृत्यु संस्कारमा आवस्यक सहयोग जुटाउने व्यवस्था मिलाईने छ ।

२. सामाजिक न्यायका दृष्टिमा सवैलाई समान व्यवहार गरिने छ ।

४. समाजमा बिधमान जातिय विभेदको अन्त्यका लागि उचित कार्यक्रम चलाईने छ ।

५. लैङ्गिक विभेद अन्त्यका लागि आवस्यक कार्यक्रम अगाडि बढाईने छ ।

६. समाजमा विधमान कुसंस्कारको अन्त्यका लागि प्रभावकारी कार्य संचालन गरिने छ ।

७. स्थानीय स्तरका कुनै पनि योजनाहरुमा स्थानिय श्रमिकको कम्तिमा पनि ३० प्रतिशत सहभागितालाई ग्यारेण्टी गरिनेछ ।

८. मर्यादित काम र समान कामको समान पारिश्रमिकको कार्यान्वयनलाई वडा तहवाट नै लागु गरिनेछ ।

९. विहादी भित्र रहेका अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई समेत दर्ता प्रक्रियामा लगी उनीहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ । उनीहरूको सीपको लागि तालिम तथा प्रमाणपत्र दिइने व्यवस्था मिलाईनेछ । यहाँ बाट वैदेशिक रोजगारीमा गएकाहरूको समेत लगत राखिनेछ ।

१०. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न र गाउँपालिक भित्र नै बैदेशिक रोजगारी सम्बन्धी सबै सूचना र सेवा सुविधा उपलब्ध हुने व्यवस्था गरिनेछ ।

११. प्रवासमा गई काम गरेर फर्किएका स्थानीय नागरिकको अनुभवलाई उपयोग गरिनेछ ।

**सञ्चार तथा सूचना,प्रविधि**

१. विहादी गाउँपालिकाका नागरिकहरुलाई सञ्चारको पहुच बाहिर राखिने छैन

२. गाउँपालिकाका प्रत्येक स्थानमा सहज टेलिकमको पहुँच पुर्‍याईनेछ । पहुँच नपुगेको स्थानमा नेपाल टेलिकमको टावर स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।

३. गाउँपालिका भर फेर जि सेवा विस्तार गरिनेछ ।

४. नेपाल टेलिकम सँग सहकार्य गरि कालिगण्डकी करिडोर अन्तर्गत विहादी खण्डमा एन.टि. फाईबर जडान गर्ने व्यवस्था मिलाईनेछ ।

५. सूचना व्यवस्थापनमा डिजिटल प्रणालीको स्थापना र उपयोग गर्दै सार्वजनिक एवं सरकारी सम्पत्तिको अभिलेख सङ्कलन, संरक्षण र व्यवस्थापन, भूसूचना प्रणालीको विकास तथा व्यवस्थापन र प्रत्येक वडा वडामा डिजिटल सुचना प्रणालीको विकास गरिनेछ ।

६. पालिकामा एक एक सूचना अधिकारी र प्रवक्ताको व्यवस्था गरिनेछ ।

७. आफ्नो वेबसाइटमा नियमित अद्यावधिक गर्ने तथा सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग गर्ने निति लिईनेछ ।

८. सूचना प्रविधिका माध्यमबाट सेवा प्रवाहको योजना, विद्युतीय माध्यमबाट सुशासन र सेवा प्रवाहको नियमित जानकारी सम्प्रेषण गरिनेछ ।

९. वडापत्र अनुसार सेवा प्रवाह भए नभएको अनुगमन प्रणाली स्थापना तथा कार्यान्वयन गर्न डिजिटल बोर्ड स्थापना गरिनेछ ।

१०. पालिका तथा वडाहरु बाट गरिनै सबै कामालई डिजिटल प्रविधि सँग जोडिनेछ ।

११. गाउँपालिकाका ७५ बर्ष पुगेका जेष्ठनागरिक आमाबुवाहरुलाई आधुनिक प्रविधि सँग जोड्दै रमाउने गराउन एक थान मोबाईल फोन निशुल्क वितरणको व्यवस्था गरिनेछ ।

१२. आमसञ्चार माध्यमलाई निष्पक्ष, व्यवसायिक, उत्तरदायी र जिम्मेवार उद्योगका रुपमा फस्टाउने वातावरण प्रदान गरिने छ ।

१३. प्रत्येक वडामा आधुनिक र साधनस्रोत सम्पन्न सूचनाग्राम स्थापना गरिने छ । स्थानीय तहका सबै सूचनाहरू अनलाइन मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवाहित गरी ग्रामीण पर्यटन विकासमा सहयोग पुऱ्याइने छ ।

१४. सबै विद्यालय, प्रशासनिक भवन, सभा भवन, स्वास्थ्य चौकी, हुलाक कार्यालय र सेवाकेन्द्रमा निःशुल्क इन्टरनेट सुविधा उपलब्ध गराइने छ ।

१५. एफएम/सामुदायिक रेडियो, टेलिभिजन, पत्रिका तथा अनलाईन पत्रिका लगायत स्थानीय तहबाट प्रकाशित एवम् प्रशारित हुने सञ्चार माध्यमको दर्ता, स्थापना, सञ्चालनमा सहजीकरण गर्दै त्यस्ता सञ्चार माध्यमलाई अनुदानको व्यवस्था गरिने छ ।

**पूर्वाधार,सडक तथा यातायात**

१. गाउँपालिकाका मुख्य सडकहरु बहुचर्चीत उत्तर(चिन) दक्षिण (भारत) जोड्ने कालिगण्डकी करिडोरलाई समयमै कालोपत्रे गर्न पहल गरिनेछ भने वलिङ -हुवास-विहादी सडक अन्तर्गत हुवास-वहाकी भञ्ज्याङ सडक पक्कि भएको र बाकीँ वहाकीभञ्ज्याङ-पोखरीचौर-खहरेखोला सडक खण्डलाई समयमै कालोपत्रे गर्ने काम सम्पन्न गरिनेछ ।

२. गाउँपालिकाको मुख्य सडक बाट प्रत्येक वडा वडामा पुग्ने सडकलाई कालोपत्रे गर्ने कामको थालनी गरिनेछ ।

३. रानीपानी पोखरीचौर देखी ईमीचौर सडक, वहाकी लिङसिङ देखी आपालय हुदै कालिगण्डकी लोकमार्ग पुग्ने सडक, सेतीवेणी-छचन्ने हुदै चर्काक सडक, खोरपोखरा-उरामपोखरा-गेप्ताङ हुदै महाशिला जोड्ने सडक, तल्लो बाच्छा देखि उपल्लो बाच्छा तथा देउराली जाने सडक, वहाकीभञ्ज्याङ-माझगाउँ हुदै सेतीवेणी जाने सडक लगाएत वस्ती वस्तीका सडकलाई पक्कि बनाउन पहल गरिनेछ ।

४. राष्ट्रिय गौरवको आयोजना पर्यटन सडकको रुपमा पोखरा–भदौरे–लुंखु हुदै सेतीवेणी सडकको कालोपत्र गर्ने कामलाई ढिला सुस्ती हुन नदिन समयमै पहल तथा निगरानी गरिनेछ ।

५. प्रत्यक वडाका वस्ती वस्ती तथा घर घरमा बाह्रै महिना गाडी गुढ्ने गरि सडकको व्यवस्थापन गरिने छ ।

६. बाच्छाखोलामा मोटरेवल पुल निर्माणको काम यथाशाक्य छिटो अगाडी बढाईनेछ ।

७. 'क' वर्गमा रहेका ग्रामीण सडकहरु र विहादीचक्रपथ सात मिटर चौडा गरी वाह्रै महिना सवारी साधन चल्ने गरीसुधार विस्तार तथा सडक गुरुयोजना तयार भएका सडकहरु स्तरउन्नती ग्राभेल र पिच गर्ने नीति अवलम्वन गरिनेछ ।

८. विहादी गा.पा. भित्र निर्माण हुने सबै भवन र घरहरु नक्सा पास गरी भू-कम्प प्रतिरोधात्मक बनाउन पर्ने नीति लिईनेछ ।

९. यस विहादी गाउँपालिकाका प्रधानमंत्री रोजगार कार्यक्रममा काम गर्ने व्याक्तिहरुलाई ऐन र कार्यविधि वमोजिम वडागत निर्माणको काममा क्षमता विकास गरी योजना तोकेर वार्षिक कार्यक्रम र योजना वनाई परिचालन गरिनेछ ।

१०. कुनैपनि सडक तथा भौतिक पूर्वाधार निर्माण गर्दा भई रहेकोपूर्वाधार नोक्सान नहुने गरी गर्नंपर्ने, नोक्सान हुने भए सोही योजनावाट मर्मत सम्भार गर्नंपर्ने नीति र सडक सुविधा विस्तारको लागि गाउँपालिकाको पूर्व स्वीकृति वमोजिम नयाँ ट्र्याक खोल्ने पाइने नीति अबलम्न गरिनेछ ।

११. प्रत्येक वडाहरुमा थप आवश्यक सामुदायीक भवन निर्माण, बाल उद्यानर जेष्ठ नागरिक मिलन केन्द्र स्थापना, पार्क तथा पर्यटकीय स्थलको विकास, होम स्टे र पर्यावरणीय पर्यटन प्रवर्द्धनमा विभिन्न पूर्वाधार निर्माणको काम गरिनेछ ।

१२. प्रतिक्षालय निर्माण, सहिद पार्क तथा भवन निर्माण गरि सना गोरेटो बाटो लाई पक्कि बनाउदै लगिनेछ ।

१३. विहादी गाउँपालिकाका व्यवस्थित प्रहरी चौकीको भवन नभएका स्थानहरुमा प्रहरी चौकी भवन निर्माण कार्यलाई अगाडी बढाईनेछ ।

१४. पालिका स्तरिय सभा गृह तथा प्रत्यक वडामा सभाहल निर्माण गरिनेछ ।

१५. विद्यालय तथा शैक्षिक संस्था र अन्य सिकाई केन्द्रको भौतिक पूर्वाधारको व्यवस्था मिलाउन आर. सि.सि भवन निर्माण गरिनेछ ।

१६. गाउँपालिका भित्र आवश्यक स्थानमा बेलिब्रिज तथा झोलुगें पुल निर्माण गरिनेछ ।

१७. आवश्यकता अनुसार एक बाट अर्को वडा जोड्न सडक, पुल,चक्रपथ, घोरेटो र पदमार्ग निर्माण गरिनेछ ।

१८. पालिकामा एक हेलिप्याड निर्माण गरिनेछ ।

१९. आवश्यता अनुसार एकीकृत र नमुनाबस्ती निर्माण, दलित तथा अन्य समुदाय र अन्य बेघरबारलाई आवास निर्माण, वडास्तरमै हिसा ं पीडितको उद्दार तथा पुनर्स्थापनाको काम गर्दै गईनेछ ।

२०. तलातुम– भुवारी हुदै हाडी खर्क सडकको ट्राक वपन गरिनेछ ।

२१. गेप्ताङ–चिउरी खाल्टा हुदै शिवपुरी जाने सडकलाई सुधार गरिनेछ ।

**प्राकृतिक प्रकोप**

१. भु–क्षय हुन सक्ने स्थानको अध्ययन गरि त्यस्ता किसिमका भुमीहरुको संरक्षण गर्ने निति लिईने छ ।

२. सम्भावित बाढी पहिरोको क्षेतीलाई न्युनिकरण गर्न आवश्यक पहल थालिनेछ ।

३. बाढी आउने क्षेत्रहरुमा पुर्व सुचना दिईने बाढी यन्त्र जडान गरिनेछ ।

४. हुन सक्ने सम्भावित प्राकृतिक प्रकोपलाई ध्यानमा राख्दै प्रत्येक वडामा एक प्राकृतिक प्रकोप हेल्प डेक्स तथा विपद् व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।

५. प्राकृतिक प्रकोप हुन नदिन तथा प्राकृतिक प्रकोप बाट बच्न सचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. प्राकृति प्रकोपमा परि क्षेती भएकाहरालाई तत्काल राहतको प्याकेज ल्याईनेछ ।

७. विभिन्न प्रकारका विपद्हरूको सामना गर्न पूर्वतयारी तथा आपतकालीन उद्धार, राहत एवं पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी योजना तर्जमा गरिनेछ ।

**प्राकृतिक सम्पदा तथा जैविक विविधता**

१. गाउँपालिकाका प्राकृतिक स्रोतमाथि स्थानियको अक्षुण्ण अधिकारको पूर्ण रक्षा गरिने छ ।

२. समुदायमा आधारित वन व्यवस्थापनलाई थप व्यापक बनाइने छ । कबुलियती तथा सामुदायीक वन र निजी वनको विकासकाका कार्यक्रम ल्याईनेछ ।

३. वन पैदावारमा आधारित उद्योग स्थापना गरि विपन्न वर्ग, महिला, दलित र अन्य जातीको आय आर्जनका अवसर निर्माण गरिनेछ ।

४. पालिकामा ओगटेको ३२ प्रतिशत वन जगंललाई हरियाली (वन) क्षेत्र सुरक्षित गर्ने र वन सम्पदाको संरक्षण तथा व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व बढाइने निति लिईनेछ । जैविक विविधता तथा पर्यावरण प्रणालीको दिगो संरक्षण गरिने छ ।

५. कृषि क्षेत्रमा भएका अनुत्पादक वोट विरुवा हटाउन पहल गरिनेछ ।

६. गोर्ल्याङ्ग लगाएतका अन्य क्षेत्रमा स्थानिय प्रजातीका वन्यजन्तु तथा वनस्पति संरक्षण तथा पर्यटन विकास कार्यक्रम ल्याईने छ भने गोर्ल्याङ्गमा पाईने वनस्पति तथा जडीबुटीको अध्ययन अनुसन्धान गरि पुर्ण प्रयोगमा ल्याईनेछ ।

७. विभिन्न वन तथा अन्य क्षेत्रमा भएका पोखरी, ताल तलैया, मठ,मन्दिर आदिको उचित संरक्षण गरीनेछ ।

**न्यायिक समिति एवं मेलमिलाप**

१. संविधानले परिकल्पना गरे अनुसार न्यायिक समितिलाई चलायमान गरिनेछ ।

२. संघ तथा प्रदेश सरकार सँगको समन्वयमा न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन वांकी ऐन, नियम तथा कार्यविधिहरुको निर्माण गरिनेछ ।

३. न्याय सम्पादनमा सहजता लिन तथा कानुनी परामर्श र सल्लाह लिन एक कानुन अधिकृतको व्यवस्था गरिनेछ ।

४. न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाईनेछ

५. न्यायिक समितिमा आएका सवै विवादहरुलाई समयावधि तोकेर टुंगोमा पुर्‍याउने कार्यविधि बनाईने छ ।

६. प्रत्येक टोल बस्ती स्तरमा कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

७. न्यायिक समितिका फैसलाहरुको कार्यान्वयन अवस्था वारे बेला बेलामा अनुगमन गर्ने र पिडितलाई न्याय प्राप्ती सरल, सहज र सस्तो वनाउन आवश्यक प्रक्रियागत प्रणाली परिमार्जन तथा सुधार कार्यक्रम ल्याउदै घरदैलोमै मेलमिलापको वातावरण तयार पारिनेछ ।

**गरीबी निवारण तथा रोजगारी सिर्जनाः**

१. विहादी गाउँपालिका भित्रका वास्तविक गरीवहरुको पहिचान गरि उनीहरुको दैनिकीमा आमुल परिर्वतन ल्याउने निति अबलम्न गरिनेछ ।

२. गाँस र बाँस नपाएर समस्यामा परेका अति बिपन्न तथा गरिब परिवारलाई घर निर्माणको व्यवस्था र गाँसको लागि रोजागरीको व्यवस्था गरिनेछ ।

३. गरीवमैत्री जिवनोपयोगि अवसर र उपयोगको क्षेत्र पहिचान र परिचालनमा जोड दिईनेछ ।

४. वास्तविक गरिब घरधुरीको पहिचान र सुचीकरणका लागि सुचक निर्धारणको कानुनी व्यवस्था गरिनेछ ।

५. उनीहरुको लागि निर्माण क्षेत्रमा अधिकतम रोजगारी सिर्जना हुनेगरी श्रमप्रधान प्रविधिको प्रयोगमा प्रोत्साहन निती ल्याईनेछ

६. "गरीवलाइ काम गर्ने अवसर दिने र उनीहरुको क्षमता बढाई आत्मनिर्भरको मार्गमा लैजाने" निति तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

७. वेरोजगारहरु वडा वडामा सुचिकृत गरि रोजागारीको लागि व्यवस्था गर्ने निति लिईनेछ

८. गरिबि तथा बेरोजगार उन्मुलन गर्न कम्तिमा घरको १ जनालाई सिप सिक्ने अवसर दिने र रोजगारी प्रदान गरिनेछ ।

९. उद्योग मार्फत गरिब तथा युवाहरुलाई रोजगारको व्यवस्था मिलाईनेछ ।

१०. सिप विकास तालिमको लागि सहयोगी साझेदार हुन सक्ने संघ संस्था तथा कार्यालयहरु संग सम्पर्क समन्वय र साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

११. पालिकामा सिपालु कामदारहरुलाइ काम गर्दै सिक्दै प्रकृतिको तालिम सञ्चालन तथा विपन्नहरुको लागि उद्यम पहिचान, उद्यम विकास र उत्पादित वस्तुको वजारीकरणमा सहयोग कार्यक्रम संचालन गरिनेछ ।

१२. विहादी गाउँपालिकामा रहेका आरनहरुको व्यवस्थित गर्दै उनीहरुलाई व्यवसायीक बनाईनेछ ।

१३. रानीपानीको कुमालवस्तीमा उनीहरुलाई माटो बाट बन्ने भाँडाकुँडा बनाउन आवश्यक सामाग्री तथा अनुदानको व्यवस्था मिलाउदै उनीहरुलाई व्यवसायीक बनाउन उत्प्रेरण दिईनेछ ।

१४. रानीपानीको शाविक २ नं. वडा र वडा नं. ३ पशियार, शालिग्रामको माझगाउँ तथा बर्राचौर र बाच्छा वा अन्य कुनै ठाउँमा रहेका अति विपन्न दलितहरुको उत्थानको लागि बिशेष कार्यक्रम लागु गरि उनीहरुलाई विभिन्न आयमुलक काममा लगाई रोजगारीको व्यवस्था मिलाईने छ ।

**गाउँ प्रहरीको व्यवस्था**

संविधानमा व्यवस्था भए अनुसार गाउँ प्रहरी भर्ना कार्यक्रमलाई अगाडी बढाईनेछ । नागरिकहरुलाई शान्ति सुरक्षाको प्रत्याभुती दिन, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, विपद्व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनःस्थापना लगायत अनधिकृत निर्माण एवं सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम र नियन्त्रण गर्न प्रतिस्पर्धाको आधारमा गाउँप्रहरीको नियुक्ति गरिनेछ । स्थानीय सरकार सञ्चालन ऐन निर्माण गरि राखिने गाउँ प्रहरी गाउँपालिका भन्दा बाहिरको राखिने छैन । पालिका भित्रका योग्य व्यक्तिहरुलाई स्वच्छ प्रतिस्पर्धा बाट गाउँ प्रहरीमा नियुक्ति दिने व्यवस्था मिलाईने छ ।

**अन्त्यमा**

स्थानीय स्वायत्त शासन र आधारभूत लोकतन्त्रका माध्यमबाट मात्रै जनताको सार्वभौमसत्ता सुदृढ हुन सक्छ । लोकतन्त्र सार्थक बन्न सक्छ र समृद्धिको जग तलैबाट मजबतु बन्न सक्छ भन्ने विषयमा नेकपा (एमाले) स्पष्ट छ । स्थानीय स्वायत्त शासनका महत्वपर्ण अङ्गका रुपमा स्थानीय निकाय र तहहरूलाई अधिकार सम्पन्न बनाउन एमाले पार्टीले शुरु दखि नै प्रभावकारी भमिूका खेल्दै आएको यहाँहरुलाई अवगत गराउन चाहन्छौं । सुशासन र समृद्धिको संस्थागत जग स्थापित गर्दै स्थानीय तहको औचित्य र सान्दर्भिकता अकाट्य ढङ्गले पुष्टि भएको छ । यसै जगमा उभिएर स्थानीय तहको विकास र सुशासनलाई थप उचाइ दिन, सेवा प्रवाहलाई अझ चुस्त दुरुस्त बनाउन र विहादी गाउँपालिकालाई समृद्ध बनाउन हामीहरू ताजा जनादेशका लागि फेरि तपाईहरूको आँगनमा आइपुगेका छौं । माथि उल्लेखित प्रतिबद्धता हामि पाँच बर्ष भित्रमानै गर्ने विश्वास यहाँहरुलाई दिलाउन चाहन्छौँ ।

साथै हाम्रो पार्टी तपाईहरुको सुख दुःखको सारथी नेकपा (एमाले) को पक्षमा (सुर्य चिन्हमा) मतदान गरेर राजनीतिलाई सही दिशामा अग्रसर गराउदै विहादी विकासको कायापलट गर्ने निर्णायक भूमिका खेल्न यहाँहरु सबै जनसमुदायहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

**धन्यवाद ।**

**अभिवादन ।**